मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily




वर्ष १ | अंक १२८ | २०७९ साल चैत ६ गते सोमबार | Monday 20, Mar. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

# राराबमा करिब ३७ प्रतिशत मतदान

## निर्वाचनमा पूर्वमन्त्रीदेखि सांसद र नेताहरुको सक्रियता

## विद्यार्थीमा देखिएन मतदानप्रति उत्साह





मधेशदृष्टि
जनकपुरधाम, ५ चैत । देशभर भएको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन अन्तर्गत रामस्वरुप रामसागर बहुमुखी (राराब) क्याम्पसमा पनि शान्तिपूर्ण मतदान भएको छ।

स्ववियुको नेतृत्व चयनका लागि बिहान ८ बजेदेखि सुरु भएको मतदान दिउँसो ४ बजे सम्पन्न भएको छ । राराबमा कूल ७ हजार २१५ विद्यार्थी मतदाता रहेकोमा जम्मा २ हजार ६६२ मात्र मतदान भएको निर्वाचन अधिकृत रेमन्त मौरवैताले जनाएको छ।

निर्वाचनका लागि ६ वटा बूथ राखिएको थियो । कडा सुरक्षाका बीच शान्तिपूर्ण रुपमा सम्पन्न निर्वाचनमा ३६.९० प्रतिशत मतदान भएको उनले बताएका छन् । यो समाचार लेख्दासम्म मतगणना शुरु नभएपनि राति साढे ९ बजेपछि मतगणना गर्ने गरी तयारी भइरहेको निर्वाचन अधिकृतले जनाएको थियो।

निर्वाचनमा दलीय चासो भएपनि विद्यार्थीमा खासै उत्साह देखिएको छैन । संगठनसँग आबद्ध विद्यार्थीहरु मात्र मतदानमा सहभागिता जनाएको खसेको मत संख्याबाट प्रष्ट भएको देखिन्छ ।

मतदान अवधिभर विभिन्न राजनीतिक दलका पूर्वमन्त्री ज्ञानेन्द्र यादव, रामसरोज यादव र प्रदेश सांसद शेषनारायण यादव, पूर्व सांसद चमेलीदेवी दास देखि केन्द्रिय तथा स्थानीय नेताहरुको सहभागिता रहेको थियो । तिनीहरु आ आफ्ना उम्मेदवारको पक्षमा माहौल बनाउन बिहानैदेखि क्याम्पस अगाडि सक्रिय देखिएका थिए।

मतदानस्थलमा पानीका बोतल, पेट्रोल, डिजेल, मादक पदार्थ, औषधिजन्य वस्तु, सिसाका बोतल, रङ्ग, मसी लैजान निषेध गरिएको थियो । यस्तै, मोबाइल, क्यामेरा, झोला, लौरो, हेलमेट, चाबी, लाइटर, सलाई, नङकट, धारिलो हतियार, भाला, खुकुरी, चक्कु, छुरी जस्ता वस्तु मतदानस्थलमा लग्न प्रतिबन्ध लगाइएको थियो अधिकृत मरबौताले जनाएको छ।

सभापति पदका लागि लोकतान्त्रिक समाजवादी पार्टी निकट लोकतान्त्रिक विद्यार्थी संघको तर्फबाट प्रशान्त झा, नेपाली कांग्रेस निकट नेपाल विद्यार्थी संघको तर्फबाट मनिषकुमार यादव, पाँच दलीय संयुक्त विद्यार्थी गठबन्धनको तर्फबाट समाजवादी विद्यार्थी युनियनका गौतम यादवले उम्मेदवार रहेका छन् । संयुक्त गठबन्धनमा जनता समाजवादी पार्टी (जसपा), एमाले, माओवादी केन्द्र, नेकपा एकिकृत समाजवादी र राप्रपा निकटका विद्यार्थी संगठनहरू रहेका छन् ।

त्यस्तै, जनमत पार्टी निकट विद्यार्थी जनमत संघको तर्फबाट इजाज मोमिन, स्वतन्त्र विद्यार्थी समूहबाट कन्हैयाकुमार पासवान र राष्ट्रिय विद्यार्थी परिषद्बाट अभिशेक साह सभापतिका उम्मेदवार छन् । राराबमा स्ववियु कार्यसमितिमा ११ जना प्रत्यक्षबाट र १० जना समानुपातिकबाट निर्वाचित भएर चुनिने छन् । राराब क्याम्पसमा २१ सदस्यीय स्ववियु कार्यसमितिका लागि सभापतिमा ६ जनासहित कुल ८८ जनाले उम्मेदवारी दिएका छन् ।

लोसपा विद्यार्थी संघबाट सभापतिका उम्मेदवार प्रशान्त झाले प्रत्येक दुई/दुई वर्षमा हुने स्ववियु निर्वाचन हुन नसक्दा विद्यार्थी आकर्षण घटेको बताए । उनले १४ वर्षपछि भएको स्ववियु निर्वाचनका कारण विद्यार्थीहरू खासै उत्साह नदेखिएको बताए । नेवि संघबाट

- बाँकी पृष्ठ ६ मा

### ९ फर्जी मतदाता पक्राउ

राराब क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)को निर्वाचनमा फर्जी कार्ड बोकेर मतदान गर्न खोज्ने ९ जना पक्राउ परेका छन् ।

निर्वाचनमा खटेको प्रहरीले फर्जी ९ विद्यार्थीलाई पक्राउ गरेको थियो । फर्जी आईडी कार्ड बोकेर मतदान गर्न क्याम्पस परिसर छिर्न खोज्दा सुरक्षामा खटिएका व्यक्तिले उनीहरुलाई पक्राउ गरेको थियो । पक्राउ परेकाहरुलाई प्रहरीले निर्वाचन अधिकृत कहाँ जिम्मा लगाएपछि संगठनहरुको सहमतिमा उनीहरुलाई निर्वाचन अधिकृतले छाडेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

पक्राउ परेकाहरु नेपाल विद्यार्थी संघका विद्यार्थी रहेको आरोप लागेको छ। नेविसंघका विद्यार्थीहरुले धांधली गर्न खोजेको भन्दै पांच दलीय गठबन्धनका विद्यार्थीहरु प्रदर्शन समेत गरेका थिए। पक्राउ परेकाहरुमाथि कडा कारबाही र चुनाव निष्पक्ष गराउन उनीहरुले प्रदर्शन गर्दै माग गरेका थिए।

# राष्ट्रिय क्रिकेट खेलाडी शेख दाजुभाईको वीरगंजमा भव्य स्वागत



मधेशदृष्टि
वीरगंज, ५ चैत ।
आइसिसि विश्वकप लिग २ मा नेपालको तर्फबाट उत्कृष्ट प्रदर्शन गरेका वीरगंजका दुई खेलाडीलाई वीरगंज महानगरपालिकाले आइतवार स्वागत गर्दै सम्मानित गरेको छ।

विश्वकपमा नेपाली टिम क्वालिफायर भएपछि पहिलो पटक गृहनगर वीरगंज पुगेका नेपाली राष्ट्रिय क्रिकेट टिमका सहोदर दाजुभाई आरिफ शेख र आसिफ शेखलाई वीरगंज महानगरका नगर प्रमुख राजेशमान सिंहले महानगरपालिकाकै कार्यालयमा भव्य स्वागत गर्दै फुल माला अविर, दोसल्ला ओढाएर सम्मानित गरेका हुन् ।

नगर प्रमुख सिंहले खेलाडीका बुबा शेख सलाम र स्थानीय प्रशिक्षक जाहुर अन्सारीलाई पनि सम्मान गरेका थिए । कार्यक्रमलाई सम्बोधन गर्दै नगर प्रमुख सिंहले नेपाललाई विश्वकप क्वालिफायरमा पुरयाउन विशेष भूमीका

- बाँकी पृष्ठ ६ मा

# उपनिर्वाचनमा जुटे उपेन्द्र

## असहज परिस्थिति, गठबन्धनसँगै दलबाटै पनि असहयोगको सम्भावना



मधेशदृष्टि
जनकपुरधाम, ५ चैत । रामसहाय प्रसाद यादव उपराष्ट्रपतिमा निर्वाचित भएपछि बारा २ मा उपनिर्वाचनको चहलपहल शुरु भइसकेको छ।

मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा बारा-२ मा तेस्रो स्थानमा रहेका रामकिशोर प्रसाद यादव जनता समाजवादी पार्टी नेपालले पुनः आफ्नोतर्फ तानेका छन् । रामकिशोर यादवलाई जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले पार्टी प्रवेश गराएका हुन् ।

उपेन्द्र यादवले आफू संसद छिर्ने योजना तहत रामसहाय यादवलाई उपराष्ट्रपतिको उम्मेदवार बनाएका थिए । उनी आफ्नो योजनामा सफल भएपछि सो निर्वाचन क्षेत्रमा हुने उपनिर्वाचनको तयारी तिव्र रुपमा थालेका छन् । उपराष्ट्रपति जस्तै प्रतिनिधि सभामा समेत आफूलाई गठबन्धनले सघाउने उनको विश्वास छ । यादवले आफू अनुकुल वातावरण बनाउन रामकिशोरलाई पार्टीमा प्रवेश गराइएको जसपा स्रोतले जनाएको छ।

'बारा -२ मा पार्टीले टिकट दिए चुनाव लड्न म पनि तयार छु तर पार्टीले अध्यक्षज्यूको एक्लो नाम पठाउने तयारी गरेको छ, उहाँलाई जिताउने हाम्रो मुख्य उद्देश्य हो,' रामकिशोरले संचारकर्मीसँग कुरा गर्दै भने । पछिल्लो निर्वाचनमा जसपाले टिकट नदिएपछि उनी प्रतिनिधिसभा सदस्यमा स्वतन्त्र उम्मेदवार बनेका थिए।

मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा स्वतन्त्र उम्मेदवारका रुपमा यादवले ११ हजार ४३ मत प्राप्त गरेका थिए भने दोस्रो स्थानमा रहेका माओवादी केन्द्रका उम्मेदवार शिवचन्द्र कुशवाहाले १३ हजार ४६८ मत पाएका थिए। प्रतिनिधिसभा सदस्यमा निर्वाचित रामसहाय यादवले भने १३ हजार ८२२ मत पाएका थिए।

मोरङ, सुनसरी, सप्तरी हुँदै बारा पुगेका उपेन्द्रलाई गठबन्धनको उम्मेदवार रहने प्रयासमा रहेपनि जीत खासै सहज देखिदैन । अहिलेको सत्ता गठबन्धनका १० दलले सहयोग गर्दा उनको अवस्था सुदृढ देखिए पनि १० दलमध्ये ५ दल उनीसँग रूष्ट छन् । माओवादीले आफ्नै उम्मेदवार उठाउने देखिन्छ । रामसहाय यादवसँग पराजित भएका माओवादीका उम्मेदवार शिवचन्द्र कुशवाहले पनि उम्मेदवारी दिने बताएका छन् । रामसहाय यादवसँग थोरै मतले पराजित भएका कुशवाहले

- बाँकी पृष्ठ ६ मा

# टिक्न सकेन तीनदलीय गठबन्धन



मधेशदृष्टि
जनकपुरधाम, ५ चैत ।
उपराष्ट्रपति निर्वाचनका लागि महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, रेशम चौधरीले गठन गरेको नागरिक उन्मुक्ति पार्टी र सीके राउतको जनमत पार्टीसहितको कार्यगत एकताका लागि भएको गठबन्धन छिन्नभिन्न अवस्थामा पुगेको छ।

फागुन २७ गते बसेको १० दलीय गठबन्धनमा उपराष्ट्रपतिका लागि साझा उम्मेदवार बनाउन नसकेपछि यी तीन दलले कार्यगत एकताका लागि गठबन्धन बनाएका थिए । तर गठबन्धन दलहरुकै बिचमा कार्यगत एकता हुन सकेन । उपराष्ट्रपति निर्वाचनका लागि बनेको गठबन्धन सो निर्वाचनमै एक रहन सकेन । ती गठबन्धन न त टुटेको छ, न कायमै छ अन्यौलमा अवस्थामा छन् । तीन दलीय गठबन्धनले उपराष्ट्रपतिमा जनमत पार्टीकी ममता झालाई उम्मेदवार बनाइएको थियो। ममता झाको प्रस्तावक र समर्थक समेत लोसपा र नागरिक उन्मुक्ति पार्टीका नेता बसेका थिए । तर चुनावको दिन लोसपा र नागरिक उन्मुक्ति पार्टीले जनमतको साथ छाडेर जसपाका उम्मेदवार रामसहाय यादवलाई मतदान गरेर सघाएका थिए। एक हप्ता पनि त्यो गठबन्धन टिक्न सकेन। गठबन्धन बनेकै दिन फागुन २७ गते उपराष्ट्रपतिमा जसपाबाट रामसहाय यादव र प्रमिला यादव, एमालेबाट अष्टलक्ष्मी शाक्य र जनमतबाट ममता झाको उम्मेदवारी परेको थियो । जनमतका उम्मेदवार ममता झालाई जिताउन के कस्तो पहल गर्ने लगायतको विषयमा तीन दलीय गठबन्धनमा एक दिनपनि छलफल भएन । लोसपा र उन्मुक्तिले जनमतका उम्मेदवारलाई नसघाएपछि तीन दलीय गठबन्धनको औचित्य समाप्त भएको बताइन्छ। जबकि साझा मुद्दामा ती दलको बिच लामो सहकार्य गर्ने गरी गठबन्धन बनेको थियो। सो अघि जनमत र उन्मुक्ति पार्टीबिच पनि गठबन्धन बनेको थियो । तर, गठबन्धन बनेपछि यी दुई दलको बिचमा एक पटक पनि छलफल भएन।

जनमत पार्टीका उपाध्यक्ष दीपक साह भन्छन्, 'गठबन्धन भङ्ग भएको छैन, अरुले भङ्ग गरेको ठानेपनि जनमतको तर्फबाट भङ्ग गरिएको छैन, उनीहरु (लोसपा-उन्मुक्ति) ले उपराष्ट्रपतिमा अर्कै उम्मेदवारलाई मत दिएपछि पनि हामी त्यो गठबन्धन कायम रहोस् भन्ने चाहन्छौं र अगामी दिनमा साझा मुद्दामा काम गर्नेछौं ।' तीन दलको बिचमा हालसम्म औपचारिक छलफल नभए पनि नेता-नेताको बिचमा अनौपचारिक कुरा भइरहेको उनले दाबी गरे।

उन्मुक्ति पार्टीका संगठन विभाग प्रमुख लक्ष्मण किशोर चौधरीले जनमत पार्टीले विवादित उम्मेदवारलाई उठाएकोमा आफ्नो दलबाट उपराष्ट्रपतिमा सत्ता गठबन्धनका उम्मेदवारलाई मतदान गरेको बताए । 'तीन दलबिचको गठबन्धन हालसम्म कायम छ, भोलि गएर के हुन्छ, थाहा छैन,' उनले भने, 'हाम्रो तर्फबाट गठबन्धन कायमै छ तर साथीहरु (लोसपा-जनमत)ले के गर्नुहुन्छ, थाहा छैन ।' आफ्नो पार्टी महाधिवेशनको तयारीमा लागेका कारण गठबन्धनको बैठकहरुमा ध्यान नपुगेको बताउँदै उनले महाधिवेशनपछि नयाँ ढंगबाट अगाडि बढ्ने बताए।

# हवाई फायरपछि गाँजा तस्कर फरार

मधेशदृष्टि
राजविराज, ५ चैत । तस्करमाथि हवाई फायर गर्दै सप्तरी प्रहरीले १८४ किलो गाँजा बरामद गरेको छ । .प्रहरीले जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका-१३ गोवरगाडा छतौनीबाट सो परिमाणको गाँजा बरामद गरेको हो । तस्करहरु सो गाँजा घोडामा बोकेर भारततर्फ लैजाँदै गरेको अवस्थामा इलाका प्रहरी कार्यालय हनुमाननगरबाट खटेको प्रहरी टोलीलाई देखेपछि छाडेर भागेका थिए ।



गाँजा बरामद गरी ल्याउन खोज्दा उनीहरुले खोस्न खोजेपछि भिडलाई नियन्त्रणमा लिन प्रहरीले १ राउण्ड हवाई फायर गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायव उपरीक्षक नरेशकुमार सिंहले जानकारी दिए ।
प्रहरीले हवाई फायर गरेपछि तस्करहरुको समूह त्यहाँबाट फरार भएको डीएसपी सिंहले बताए । गाँजा तस्करहरुको खोजविन तथा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# पेस्तोलसहित दुई पक्राउ

मधेशदृष्टि
राजविराज, ५ चैत । सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका १ स्थित खाडो खोला नजिकबाट प्रहरीले पेस्तोलसहित दुई जनालाई आइतबार पक्राउ गरेको छ । पक्राउ पर्नेमा जिल्लाको छिन्नमस्ता गाउँपालिका २ महुवा बस्ने २८ वर्षिय सोनु राय र राजविराज १ डुमरी बस्ने २८ वर्षिय रोशन यादव रहेको छ ।
नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त चेकिङ्ग टोलीले चेक जाँच गर्ने क्रममा कम्मरमा इलासटिकले बाधी राखेको अवस्थामा मेड इन युएसए र अर्को पट्टी चाइना लेखिएको अटोमेटिक म्यागजिन सहितको एक थान पेस्तोल बरामद गरेको हो । पक्राउ परेका रायसँग प्रारम्भिक सोधपुछ गर्दा रोशन यादवले उक्त पेस्तोल आफूलाई दिएको बयानपछि रोशनलाई पनि नियन्त्रणमा लिई घट्ना सम्बन्धमा थप अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।



# नेविसंघद्वारा निर्वाचन बहिस्कार

मधेशदृष्टि , सिरहा, ५ गते । नेपाल विद्यार्थी संघले सिरहा सदरमुकामस्थित श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पसको स्वावियू निर्वाचन बहिष्कार गरेको छ । विदेशमा रहेका विद्यार्थीको ठाउँमा फर्जी मतदाताले मतदान गरेको र रोक्न खोज्दा प्रहरी प्रशासनबाटै हातपात भएकाले बहिष्कार गरिएको नेविसंघले जनाएको छ । नेविसंघका एकाई समिति सभापति तथा उम्मेदवार नवरत्न साहले विज्ञप्ती जारी गरेर निर्वाचन बहिष्कार गरेको जनाएका छन् । क्याम्प्स प्रमुख एवं निर्वाचन प्रमुख समेतको आदेशमा प्रहरी प्रशासनले निर्वाचनमा एकलौटी गरेको र आफ्ना उम्मेदवारलाई हातपात गरेको सभापति साहले आरोप लगाएका छन् ।निर्वाचन बहिष्कारसँगै नेविसंघका विद्यार्थीहरु निर्वाचन स्थलमा प्रदर्शन समेत गरेका छन् । सभापति साहले निर्वाचनको परिणाम नस्वीकार्ने चेतावनी समेत दिएका छन् ।



# मटिहानी स्वास्थ्य चौकीमा ल्याब शुरु

मधेशदृष्टि
महोत्तरी, ५ चैत । महोत्तरीको मटिहानीमा रहेको स्वास्थ्य चौकीमा आइतवारदेखि जनस्वास्थ्य प्रयोगशाला (ल्याब) को स्थापना गरी शुभारम्भ भएको छ। मधेश प्रदेश सरकार र मटिह(ानी नगरपालिकाको सहकार्यमा स्थापित सो प्रयोगशाला (ल्याब) बाट CBC, RFT,LFT, L PROFILE , WIDAL , MALARIA , SUGAR , RA FACTOR , ASO लग(ायतका परीक्षण (जाँच) गरिने कुरा ल्याब टेक्नीशियन रितु नायकले जानकारी दिएको छ ।
प्रयोगशाला (ल्याब)को स्थाप(नाले यस क्षेत्रका जनता खुशी भएको छ । यसै बीच स्थापित सो प्रयोगशाला (ल्याब)को एक कार्यक्रम बीच महोत्तरी क्षेत्र नं.-३ (क) का प्रदेश सभा सदस्य अभिराम शर्मा र मटिह(ानी नगरपालिका नगर प्रमुख हरि प्रसाद मंडलले संयुक्त रुपमा उद्धाटन गरेका छन् । सो अवसरमा बोल्नु हुँदै प्रदेश सभा सदस्य शर्माले प्रयोगशा(ला (ल्याब) स्थापनाले स्वास्थ्य क्षेत्रमा सहयोग पुग्ने बताए ।
मटिहानी नगरपालिका नगर प्रमुख हरि प्रसाद मंडलले प्रदेशबाट प्राप्त आधुनिक प्रयोगशाला (ल्याब) संचालन सामग्रीले स्वास्थ्य क्षेत्रमा मटिह(ानी नगरपालिका अगाडि बढेको भने । मटिहानी नगरपालिका वड़ा नं.-६ का वड़ा अध्यक्ष कलीम अंसारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मटिहानी न.पा. उप-प्रमुख मंजु देवी साह, मटिहानी न.पा.वड़ा नं.-७ र ८ ,का वड़ा अध्यक्षहरू,उद्योग वाणिज्य मह(ासंघका केन्द्रीय सदस्य विजय साह लगायतका व्यक्ति सहित स्थानीयहरुको सहभागिता रहेको थियो ।



## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

| | |
|---|---|
| **जानकी मन्दिर (प्रत्यके दिन)** | |
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभफा : | ०७:३० बजे |
| **राम मन्दिर (प्रत्येक दिन)** | |
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

# राजश्व संकलनमा लगातार गिरावट

## आठ महिनामा ११ करोड राजश्व कमी

मधेशदृष्टि
वीरगंज, ५ चैत । चालु आर्थिक वर्ष २०७९/८० को ८ महिनामा वीरगंज महानगरपालिकाले २८ करोड ४७ लाख ५१ हजार २ सय ६४ रुपैयाँ ६६ पैसा राजस्व संकलन गरेको छ ।
महानगरको राजस्व व्यवस्थापन शाखाका अनुसार यो गत आर्थिक वर्ष ०७८/७९ को फागुन महिना सम्मको भन्दा ११ करोड २ लाख ४७ हजार ३१ रुपैयाँ ८५ पैसाले कमी रहेको छ । गत आर्थिक वर्षको फागुन मसान्तसम्म महानगरले ३९ करोड ४९ लाख ९८ हजार २ सय ९६ रुपैयाँ ५१ पैसा राजस्व संकलन गरेको थियो ।
राजस्व व्यवस्थापन शाखाका अधिकृत मनोज कर्णले फागुनमा धेरै विदा भएकोले गर्दा राजस्व संकलन कार्य प्रभावित भएको बताए ।
'होलीमा ४ दिन सहित फागुनमा १४ दिन जति त विदा नै भयो, त्यसले गर्दा राजस्व संकलन प्रभावित भएको छ,' उनले भने, 'अफ मालपोतबाट घरजग्गा रजिष्ट्रेसन दस्तुर आउन बाँकी छ, ठूला करदातालाई पनि ताकेता गरिरहेका छौं ।'
गत वर्ष फागुनसम्ममा घरजग्गा रजिष्ट्रेसन दस्तुर ६ करोड ८६ लाख ५४ हजार ६ सय ९४ रुपैयाँ ३० पैसा आइसकेको थियो । नक्सा पास नगराई बनाइएको घरहरुको नक्सा पास गराउन आउँदा असार मसान्तसम्मका लागि ७५ प्रतिशत जरिवाना छुट गरिएकोले पनि राजस्व संकलनमा सकारात्मक प्रभाव पर्ने कर्णले बताए ।
महानगरपालिकाले सम्पत्ति कर, घर जग्गा रजिष्ट्रेसन दस्तुर, घर बहाल कर, सवारी साधन कर, पूर्वाधार उपयोगमा लाग्ने कर, ओखटेपहारमा लाग्ने कर, न्यायिक, नक्सापास, सिफारिस तथा नाता प्रमाणित दस्तुर, व्यक्तिगत घटना दर्ता लगायतका शीर्षकमा राजस्व संकलन गर्दै आएको छ । ३२ वटा वडा रहेको महानगरपालिकाले वडा नं १७ देखि ३२ सम्म एक हजार रुपैयाँसम्मको सम्पत्ति कर र अन्य सिफारिस शुल्क वडाबाटै संकलन गर्दै आएको छ ।
'५०/६० रुपैयाँ तिर्न पनि ग्रामिण वडाबाट वीरगञ्ज आउनुपर्ने बाध्यता थियो,' कर्णले भने, 'तालिम प्राप्त सचिव सरुवा भइदिनाले बेला बेलामा समस्या आउने गरेको छ ।'




# १०६ क्याम्पसमा निर्विरोध नेतृत्व

मधेशदृष्टि
काठमाडौ, ५ चैत । देशभर सञ्चालित स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को निर्वाचन अन्तरगत विभिन्न १०६ वटा क्याम्पसमा निर्विरोध नेतृत्व चयन भएको छ । जसअनुसार कोशी प्रदेशका २१ क्याम्पसमा निर्विरोध नेतृत्व चयन हुँदा बागमतीका १९, गण्डकीका १२, लुम्बिनीका ३४, कर्णालीका १४, सुदूरपश्चिमका ३ र उपत्यकाका ५ क्याम्पसमा निर्विरोध स्ववियु चयन गरिएको हो। त्रिवि स्रोतका अनुसार देशभर स्ववियु चुनाव हुने क्याम्पसको संख्या ४४८ वटा रहेकामा २८४ क्याम्पसमा मनोनयन दर्ता भएको थियो। यस्तै १०० वटा क्याम्पसमा विवादका कारण मनोनयन नै दर्ता हुन सकेको थिएन । पछि विभिन्न क्याम्पसमा विवाद हुँदा थप १४ वटामा पनि निर्वाचन अवरुद्ध हुन पुगेपछि आइतबार निर्वाचन हुन नसकेका क्याम्पसको संख्या ११४ रहेको स्रोतले जनाएको छ । आइतवार विभिन्न २१७ क्याम्पसमा चुनाव भएका छ। प्राप्त जानकारीअनुसार कोशी प्रदेशमा ४१, मधेसमा ११, बागमतीमा २५, गण्डकीमा २०, लुम्बिनीमा ३८, कर्णालीमा २२ क्याम्पसमा मतदान भएको छ। त्यस्तै सुदूरपश्चिमका ३५ वटामा पनि निर्वाचन भएको छ भने १० वटामा ८ गते र एउटामा सोमबार हुनेछ। यस्तै उपत्यकामा २५ क्याम्पसमा आज निर्वाचन भएको छ।



# एक महिनामै विदेशिए ६२ हजार

## वैदेशिक रोजगारी रोज्नेमा धनुषाका धेरै

मधेशदृष्टि
जनकपुरधाम, ५ चैत ।
एक महिनाको अवधिमा कामको खोजीमा ६१ हजार ८४५ जना नेपाली वैदेशिक रोजगारमा गएका छन् । जसमा सबभन्दा बढी संख्या धनुषा जिल्लाकै रहेको छ।
वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार फागुन महिनामा धनुषाबाट ३ हजार १२९, झापाबाट २ हजार ७३५, मोरङबाट २ हजार ३९६, सिराहाबाट २ हजार ३४५, महोत्तरीबाट २ हजार ३०५, रुपन्देहीबाट १ हजार ८१६ र सर्लाहीबाट १ हजार ७२५ जना विदेशिएका छन् ।
विभागले जनाए अनुसार विदेशिने संख्या फागुनमा अघिल्लो महिना माघको तुलनामा भने केही कम देखिएको छ। माघमा ६४ हजार २८४ जना युवा विदेशिएका थिए। यो नयाँ श्रमस्वीकृति तथा पुनः श्रम स्वीकृति लिनेसमेतको संख्या हो । फागुनमा ५६ हजार ७१९ जना पुरुष र ५ हजार १२६ जना महिला कामको खोजीमा विदेशिएका हुन् । यस अवधिमा म्यानपावर एजेन्सीमार्फत २९ हजार २८८ जना युवा विदेशिएका छन् । व्यक्तिगत रुपमा जाने नयाँ कामदारको संख्या ५ हजार ५३६ जना छन् । जीटूजीमार्फत २ हजार १७० जना युवा विदेश गएका छन् । व्यक्तिगत रुपमा पुनः श्रम स्वीकृति लिनेको संख्या भने २४ हजार ८५१ जना रहेको छ ।
तथ्यांक अनुसार फागुन महिनामा मलेसियाका लागि १९ हजार ८२४ जनाले श्रम स्वीकृति लिएका छन् । कतारका लागि ११ हजार ३०३ जनाले श्रम स्वीकृति लिएका छन् । युनाइटेड अरब इमिरेट्समा मात्र ९ हजार ७९५ जना विदेशिएका छन् । साउदी अरबमा ९ हजार ५०३ जना पुगेका छन् । कुवेतका लागि २ हजार ४६२ जनाले स्वीकृति लिएको विभागको तथ्यांक छ । कोरियामा २ हजार २२७ जनाले स्वीकृति लिएका छन् । रोमानियामा १ हजार ७० जनाको स्वीकृति जारी भएको छ । जापानमा ८७१ जना, पोल्याण्डमा ६ सय र बहराइनमा ५९५ जनाले स्वीकृति लिएको विभागको तथ्यांक छ ।
नेपालबाट विदेशिने युवामध्ये फागुनमा अधिकांश युवा दक्ष योग्यताका छन् । विभागका अनुसार फागुनमा विदेशिनेमध्ये ४२ हजार ७१८ जना युवा 'दक्ष' थिए। अदक्ष युवा १३ हजार ५८० जना विदेशिएका छन् । दक्षभन्दा माथिल्लो स्तरको योग्यता भएका ५ हजार ४४९ जना युवाले श्रम स्वीकृति लिएका छन् । प्रोफेसनल योग्यताका ६८ र उच्च दक्षता हासिल गरेका ३० जना वैदेशिक रोजगारीमा विदेशिएको तथ्यांकले देखाएको छ ।

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
रोकिएका काम पुन: सुरु हुन सक्छन् । जोशजाँगर र उमङ्ग बढ्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ । आफन्तको प्रगतिमा मन रमाउनेछ । नयाँ कार्यको अवसर मिल्नेछ । जोशजाँगर पनि बढ्नेछ ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
मन भावुक र उत्ताउलो बन्नेछ । अनावश्यक ठाउँमा धन खर्च हुनेछ । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सरकारी निकायको भय पनि रहला ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
पारिवारिक साथ सहयोगले उल्लेख्य कार्य सम्पादन हुने देखिन्छ । विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ । जोशजाँगर र हिम्मत बढ्नेछ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
कुनै कुराले मन निक्कै प्रसन्न हुन सक्छ । गरेका कामबाट राम्रै लाभ हुनेछ । दैनिक कार्यमा प्रगति हुनेछ, तर स्वास्थ्यप्रति सजग रहनुहोला ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज मिष्ठान्न भोजनको अवसर मिल्नेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । आफूले अरुलाई प्रभावित पारेर काम बन्नेछ ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज निर्णय कार्यान्वयन हुन सक्दैनन् । आत्मबलमा कमी आउनेछ । मनमा दुबिधा उत्पन्न हुनेछ, तर शुभ र नयाँ कार्यको योजना बन्नेछ ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । सामाजिक कार्यमा सफलता मिल्नेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । शत्रु पराजित हुनेछन् । वित्तिय संस्थाबाट सहयोग पाइनेछ, तर स्वास्थ्यप्रति सजग रहनुहोला ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
शुभकार्यको चर्चा चल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । पढाइमा प्रगति नै हुनेछ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
लाभहानी, आयव्यय, सुखदु:ख बराबरी खालको समय छ । धार्मिक कार्यमा रुचि रहनुका साथै सामाजिक पदप्रतिष्ठा प्राप्त हुने देखिन्छ ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज प्रेमीको सहयोग पाइनेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । परिवारको साथ सहयोग मिल्नुका साथै यात्राका योग पनि देखिन्छन् ।

# बरहथवामा महिला जनप्रतिनिधिलाई चौथो चरणको प्रारम्भिक प्रशिक्षण



मधेशदृष्टि
सर्लाही,५ चैत । सर्लाहीको बरहथवामा लैङ्गिक समानता तथा स्थानीय सरकारमा निर्वाचित महिला जनप्रतिनिधिहरुका लागि चौथो चरणको प्रारम्भिक प्रशिक्षण सम्पन्न भएको छ।

आइफिएस नेपालको प्राविधिक सहयोग, स्विस सरकार विकास सहयोग (एसडिसी) र अष्ट्रेलियन सरकारको आर्थिक सहयोग र माण्डवीको आयोजनामा बरहथवा नगरपालिकाका निर्वाचित महिला जनप्रतिनिधिहरुलाइ प्रशिक्षण दिइएको हो।

शी लिड्स तालिमको यस चौथो मोड्यूलको प्रशिक्षणले सहभागीहरुको नेतृत्वदायी भूमिकालाई निरन्तरता, आत्मविश्वास र सीपलाई अझ निखार्दै भूमिकालाई बढी प्रभावकारी ढंगबाट निर्वाह गर्नका थप सीप र ज्ञानको विकास गर्न सहयोग पुऱ्याउने बिश्वास लिएको माण्डवीका जिल्ला कार्यक्रम अधिकृत मनिल श्रेष्ठले जानकारी दिए।

प्रशिक्षणमा सहभागीलाई रमा पौडेल र प्रभु चौधरीले सहजीकरण गरेको माण्डवीका जिल्ला कार्यक्रम अधिक्रृत श्रेष्ठले जानकारी दिए । प्रशिक्षणमा ब्यक्तिगत उद्यमशिलता,स्थानिय सरकारको योजना तर्जुमा कार्यान्वयन र अनुगमन, स्थानिय सरकारको बजेट निर्माण प्रकृया, वार्ता, शक्तिको परिचय शक्तिको मान, पैरवीको परिचय सम्बन्धि बिषयमा प्रशिक्षण दिइएको थियो । यस्तै प्रशिक्षण प्रशिक्षणको क्रममा बेलीमाया मगरातीको संयोजकत्वमा बरहथवा नगरपालिकामा निर्वाचित बरहथवा महिला जनप्रतिनिधि संजाल गठन समेत गरिएको छ । सचिवमा सुनिला हजारी, सहसचिवमा कमला मगराती लगायतका छन् । प्रशिक्षणमा बरहथवा नगरपालिकाका उपप्रमुख रामबाबु साहले आगामी आर्थिक बर्ष यस महिला संजालले माग गरेका कुरालाइ सम्बोधन गरिने प्रतिबद्धता जनाए ।उनले योजना तर्जुमा बजेट सम्बन्धि तालिममा समेत नगरपालिकाले सहकार्य गर्ने बताए। माण्डवीका जिल्ला कार्यक्रम अधिकृत श्रेष्ठका अनुसार सर्लाहीमा यस परियोजनाले पाँचवटा पालिकामा कार्यक्रम संचालन गरिएको छ। जसमध्ये कविलासी,हरिपुर्वा, र बरहथवामा सम्पन्न भइसकेको छ भने निकट भविष्यमै बागमती र हरिवनमा हुने बताए । यस परियोजनाले मुख्यतः कार्यक्रम संचालन भएका पालिकाहरुका वडा तहमा निर्वाचित महिलाहरुको योजना तथा निर्णय प्रकृयामा अर्थपुर्ण सहभागिताका लागि समग्र नेतृत्व क्षमता सुदृढ गर्ने लक्ष्य लिएको छ।

# सार्वजनिक सुनुवाइसँगै सामग्री वितरण

आरके श्रीवास्तव
गरूडा,५ चैत । रौतहटमा सार्वजनिक सुनवाइ तथा माछापालक किसानलाई सामाग्री वितरण कार्यक्रम सम्पन्न भएको छ । जिल्लाको गरूडा नगरपालिका वडा नम्बर ३ मलाही टोलमा सो कार्यक्रम गरिएको थियो । मिलनसार कृषि सहकारी संस्था लि.गरूडा न.पा.को आयोजना तथा ग्रामिण उधम तथा विप्रेषण(समृद्धि) को सहयोगमा कार्यक्रम भएको हो। मिलनसार कृषि सहकारी संस्थाका अध्यक्ष रामईशवर सहनीको सभाध्यक्षतामा भएको कार्यक्रमको प्रमुख अतिथिको रूपमा गरूडा नगरपालिकाका नगर प्रमुख कन्थमनी जयसवाल रहेका थिए। कार्यक्रम सञ्चालन समृद्धि आयोजनाका कर्मचारी रामभरोसी चौधरीले गरेका थिए।



सो कार्यक्रममा मिलनसार कृषि सहकारी संस्था लि. र कमलामाइ माछा पालन समूहमा आबद्ध किसानहरुलाइ डिजिटल तराजु,मोटर,ठूलो जाल,सानो जाल वितरण गरिएको हो । मिलनसार कृषि सहकारी संस्थामा आबद्ध किसानहरुलाइ तराजु ८ वटा,ठूलो जाल १२ वटा,सानो जाल १० वटा,मोटर ७ वटा वितरण गरिएको हो।

त्यस्तै कमलामाइ माछा पालन समूहमा आबद्ध किसानहरुलाइ तराजु ११ वटा,ठूलो जाल १२ वटा,सानो जाल ५ वटा,मोटर १२ वटा वितरण गरिएको हो । नगर प्रमुख जयसवालले तीसबै किसानहरुलाइ सामाग्रीहरु वितरण गरेका थिए । समृद्धि आयोजनाको ३० प्रतिशत र संस्थाको ७० प्रतिशत लगानीमा पहिलो किस्ताको करिब ३ लाख ८० हजार ९ सय ४५ रुपैयाँ बराबरको सामानहरु वितरण गरिएको मिलनसार कृषि सहकारी संस्थाका अध्यक्ष रामईश्वर सहनीले जानकारी दिए। सो अवसरमा वडा सदस्य दिनानाथ ठाकुर,बलिराम सहनी सहित किसानहरु,स्थानिय भद्रभलादमीहरुको सहभागिता रहेको थियो।

# कटहरियामा ढलान तथा नाला निर्माणमा सर्वदलीय सहमति

मधेशदृष्टि
गरुडा,५ चैत । जनप्रतिनिधीहरुलाई विकास निर्माणको कार्य गराउन कम्ती गाह्रो छैन् । यसको प्रत्यक्ष उदाहरण कटहरिया नगरपालिकाको वडा नम्बर ८ मा देखिएको छ । रौतहट जिल्लाको कटहरिया नगरपालिका अन्तर्गत वडा नम्बर ८ मा आर्थिक वर्ष २०७९।०८० का लागि सशरी विकास मन्त्रालय द्धारा आएको बाटो निर्माण कार्य गराउन जग्गा खाली गराइएको छ। नगर प्रमुख अजय प्रकाश जयसवाल र वडा अध्यक्ष समिश बिक्रम शाहले सक्रियता देखाइ काम सुचारु गराएका हुन् । मेयर जयसवालको अध्यक्षतामा गाउँभरीका भद्रभलादमीहरु सर्वदलिय बैठक बसी ढलान तथा नाला निर्माणको कार्य गर्न सहमत भएपछि निर्माणको कार्य सुरु भएको हो । आज नाला निर्माणको लागि काम सुचारु भएको छ। आज ढलान तथा नाला निर्माण कार्य अगाडी बढाउन अतिक्रमण गरि राखिएको जग्गा खाली गराइएको हो। यस अघि जग्गा खाली गर्नका लागि दुइ चोटी सूचना जारी भएको थियो । तर सो सूचनाको अटेर हुन थाले पछि मेयर जयसवाल आफै सक्रिय भइ सबै गाउँवासीको सहयोगमा जग्गा खाली



गराएका हुन्। कटहरिया ८ पिप्रा पोखरियामा करिब १ किलोमिटर ढलान तथा नाला ४ सय मिटर भन्दा बढी निर्माण हुन लागेको हो । सो टोलमा आश्रय निर्माण सेवाले ढलान तथा नाला निर्माणको लागि लाखौंको ठेक्का साकार गरेको हो ।पिप्रा पोखरिया स्थित नागेन्द्र राय यादवको घर देखि वडा कार्यालय सम्म,वडा कार्यालय देखि ब्रहमस्थान सम्म,रामाकान्त राय यादवको घर देखि धरखन राय यादवको घर सम्म,ट्रान्सफर्मर देखि वडा कार्यालय सम्म,नागेन्द्र राय यादवको घर देखि मेघु दासको घर सम्म १६ फिट,हरिन्द्र राय यादवको घर देखि जोतनारायण यादवको घर सम्म २५ फिटको बाटो,नाला निर्माण कार्य हुन लागेको हो । ढलान तथा नाला निर्माण हुने बाटोमा परेको घर,टहरा,गुम्ती,नादी लगायतका कुराहरु खाली गर्न सूचना टाँस गरिको थियो । जग्गा खाली गराउने क्रममा स्थानिय भद्रभलादमी,गाउँलेहरुको सहभागिता रहेको थियो।

# किसान महासंघमा किशोरीकै निरन्तरता

मधेशदृष्टि
रौतहट,५ चैत । अखिल नेपाल किसान महासंघ रौतहट जिल्ला भेला सम्पन्न भएको छ। जिल्लाको देवाही गोनाही वडा नम्बर ८ मा रहेको बजार भवनमा शनिवार जिल्ला भेला भएको हो।

कार्यक्रमको प्रमुख अतिथिको रूपमा एमाले जिल्ला संयोजक सचिदानन्द साह रहेका थिए भने भेलाको अध्यक्षता किशोरी कुशवाहाले गरेका थिए।

भेला बाट पुरानै कमिटीलाई आयोजक कमिटी बनाई किशोरी कुशवाहाकै अध्यक्षता रहेको कमिटीलाई मान्यता दिएको छ। पार्टी छोडेकाहरूको नाम हटाई नयाँ सदस्यहरू समावेश गरि भेला सकिएको एमालेका जिल्ला उपसचिव रूपेश पटेलले जानकारी गराएका छन्।

सो अवसरमा रूपनारायण दास,उपाध्यक्ष



दिपक यादव, किसान संघका जिल्ला सचिव भरत पटेल लगायत एमाले पार्टीका नगर संयोजक,निर्वाचित वडा अध्यक्ष,वडा सदस्यहरू लगायत महासंघमा आबद्ध किसानहरूको सहभागीता रहेको थियो । मिसन ग्रासरूट अभियान अन्तर्गत नेकपा एमालेले आफनो भातृ संगठनहरूको धमाधम पुनर्गठन गरिरहेको छ।

# वर्षात्ले किसानमा उत्साह

घनश्याम बलम्पाकी
सर्लाही,५ चैत। लामो खडेरीपछि पर्याप्त वर्षा हुँदा सर्लाहीका किसान हर्षित भएका छन्।

सात महिनाको लामो प्रतिक्षापछि यस क्षेत्रमा गएराति चट्याङसहित ठूलो पानी परेको हो । पर्याप्त आकाशे वर्षा भएसँगै यहाँका किसानले बाँझो रहेको खेतबारी खनजोत गरेर मकै रोप्न पाएका छन्।

लालबन्दी नगरपालिका-१४, नारायणखोलाका किसान पुर्ण लुंगेलीले जमिन भिज्ने गरी पानी परेको भन्दै खुसी व्यक्त गरे । सर्लाहीमा गएको भदौदेखि वर्षा हुन सकेको थिएन । गएको शुक्रबार बिहान पनि यस क्षेत्रमा हल्का वर्षा भएको थियो । तर, त्यस दिनको पानीले धुलो मार्ने काम मात्रै गरेको थियो । गएराति भने जिल्लाभर नै जमिन भिज्ने गरी पर्याप्त वर्षा भएपछि किसान बाँझो रहेको खेतबारी खनजोतमा ब्यस्त भएका छन् । सर्लाहीमा अधिकांश किसानले आकाशे वर्षाकै भरमा खेती गर्दै आइरहेका छन् । उत्तरी चुरेभेग, पूर्व-पश्चिम राजमार्ग क्षेत्र र दक्षिण-पूर्वी भेगमा आकाशे वर्षाको भरमा खेती हुने गर्छ । लालबन्दी नगरपालिकाको कृषि शाखाका प्रमुख गोकर्ण पौडेलले रातिको वर्षापछि आँप, लिचीजस्ता फलफूल र तरकारी बालीलाई समेत राम्रो फाइदा पुगेको बताए। उनले अब यस भेगका किसानले धमाधम मकै रोप्न थाल्ने जानकारी दिए । पानी परेपछि यस क्षेत्रको वातावरण सफा देखिएको छ । धुलो, धुँवाको प्रदुषण कम भइ वातावरण सफा देखिएको हो।

वन क्षेत्रमा लागेको डढेलो समेत नियन्त्रणमा आएको स्थानीय वासिन्दाले बताएका छन् । सुक्खा रहेका वन क्षेत्र र पाखा पखेरामा अब पालुवा तथा घाँस पलाउने भन्दै पशुपालक किसान पनि खुशी भएका छन्।

# चमार कल्याण समाजमा धर्मेन्द्रको नेतृत्व

मधेशदृष्टि
रौतहट,५ चैत। चमार कल्याण समाज नेपाल रौतहटको नयाँ कार्य समिति गठन गरिएको छ ।

शनिवार चमार कल्याण समाज नेपालको जिल्ला स्तरीय भेलाले नयाँ कार्य समिति चयन गरेको हो । भेला बाट धर्मेन्द्र रामको अध्यक्षतामा ३५ सदसिय पदाधिकारीहरु चयन गरिएको छ।

समितिको उपाध्यक्षमा मन्दिप कुमार राम,कमल राम ,कोषाध्यक्षमा गोलीया देवी,सचिवमा मदन राम,सह सचिवमा अजय कुमार रंजन रहेका छन्। नयाँ कार्य समितिलाइ कार्यकाल सफलताको लागि शुभकामना व्यक्त गरिएको छ।



जिल्लाको कटहरिया नगरपालिका वडा नम्बर ५ स्थित रहेको विवाह मण्डप भवनमा सम्पन्न जिल्ला स्तरीय भेला-२०७९ बाट समिति चयन भएको हो । चमार कल्याण समाज नेपाल जिल्ला समिति रौतहटको आयोजना सो कार्यक्रम भएको थियो । सो अवसरमा समाजका केन्द्रीय बरिस्ठ सल्लाहकार केवल राम, प्रवासी संगठनका संयोजकहरू कतारका जगरनाथ राम,साउदी शाखाका जीवन राम,केन्द्रीय कोषाध्यक्ष सुरेन्द्र राम,केन्द्रीय उपाध्यक्ष ओमप्रकाश राम ,कटहरिया नगर कमिटी अध्यक्ष धर्मेन्द्र राम,केन्द्रीय सदस्य उदयनारायण राम,अुनप माझी लगायतका चमार समुदायका हजारौं व्यक्तिहरूको सहभागीता रहेको थियो।

# साना किसान कृषि सहकारी संस्थाको २७ औँ साधारण सभा

मधेशदृष्टि
वीरगंज,५ चैत।
सानाकिसान कृषि सहकारी संस्था डुमरबानाको २७ औँ बार्षिक साधारण सभा डुमरबानामा सम्पन्न भएको छ। कार्यक्रमको उद्धाटन राष्ट्रिय सहकारी महासंघ लिमिटेडका अध्यक्ष मिनराज कर्डैंलले गरेका थिए।

अध्यक्ष कर्डैंलले सबैको सहकार्यरतामा नै सहकारी चल्ने भएकाले बिभिन्न रिस ,राग बिर्सिएर एकताबद्ध हुन आग्रह गरेका थिए । उनले नेपाल सरकारले सहकारीमा लगाउँन गईरहेको अनावश्यक करको आफुहरु बिरोध गरेको बताए। २५ लाख भन्दा बढीको बचत सहकारी जम्मा गर्न नपाउँने ब्यवस्था राज्यले गर्न लागेको प्रती आपत्ती जनाए। कार्यक्रममा उत्कृष्ट बचत कारोबार, उत्कृष्ट ऋण कारोबार, उत्कृष्ट समूह बचत, उत्कृष्ट फलफूल खेती, उत्कृष्ट उद्योगव्यापार, उत्कृष्ट व्यवसायिक पशुपालन, उत्कृष्ट दैनिक वचत, उत्कृष्ट पशुधन संरक्षणकर्ता, उत्कृष्ट व्यवसायिक तरकारी खेती, उत्कृष्ट अन्तरसमूह लगायतका विधामा संस्थाको सेवाकेन्द्र डुमरवाना, सिमरा, नीजगढ, कतर्वा, कोल्हवीका सदस्यहरुलाई दोसल्ला ओढाएर प्रशंसापत्र नगद सहित सम्मान गरिएको थियो। संस्थाका अध्यक्ष प्रदिप बरालका अध्यक्षतमा सम्पन्न कार्यक्रममा जीतपुर सिमरा उपमहानगरपालिका प्रमुख राजन पौडेल, उपप्रमुख भोलाप्रसाद अधिकारी, कोल्वी नगरपालिकाका प्रमुख रामप्रसाद चौधरी, जिल्ला कृषि ज्ञान केन्द्र कलैयाका प्रमुख जितेन्द्र यादव लगायतको उपस्थिति रहेको थियो।

# अपांगता भएका युवकलाई ह्विलचेयर

मधेशदृष्टि
वीरगंज,५ चैत।
पर्साको जगरनाथपुर गाँउपालिका वडा नम्बर ५ चिलझपटीमा कष्टकर जिवन व्यतित गरिरहेका एक अपाङ्गता भएका युवकलाई परोपकारी संस्था जन सेवाले ह्वील चेयर प्रदान गरेको छ। चिलझपटीका मुन्ना कुमार झालाई ह्वील चेयर प्रदान गरिएको हो । स्वास्थ्यकर्मी अरविन्द गुप्ताले खरिद गरि दिएको ह्वील चेयर आइतबार झाकै घरमा पुगेर प्रदान गरिएको जन सेवाका संयोजक बृजेश्वर प्रसाद चौधरीले बताए।

त्यसअवसरमा संस्थाका सदस्य रामअयोध्या महतो , स्थानीयवासी श्रीलाल यादव,सन्तोष कुशवाहा,धर्मराज ठाकुर लगायतको पनि उपस्थिती थियो।



### सम्पादकीय

## सादगी मधेशी जनप्रतिनिधि

मधेशमा २३ वर्ष शिक्षाको ज्योति छर्नु भएका एक कुशल भूमिपुत्र र मशेश आन्दोलनबाट नेता होइन नेतृत्वमा बदलिनु भएका रामसहायप्रसाद यादव मुलुकको तेस्रो उपराष्ट्रपति विजित भइरँदा राजनीतिक उपलब्धीमा मधेशका जोडघटाउ भइरहेका होलान् । बाराको निर्वाचन क्षेत्र नम्बर २ बाट दोस्रोपटक संघीय सांसदमा निर्वाचित यादव कचोर्वा, बसवरिया निवासी हुनुहुन्छ । यसअघि जनता समाजवादी पार्टी, नेपालका संसदीय दलका नेता रहनु भएका यादव पूर्वमन्त्रीको अनुभव पनि बनाउनु भएको पात्र हुनुहुन्छ । मधेशी जनाधिकार फोरम नेपाल र संघीय समाजवादी पार्टी नेपाल एकीकरण भएर गठित सङ्घीय समाजवादी फोरम नेपालको महासचिव भइसक्नु भएका यादव मधेश आन्दोलनअघिसम्म बारामा विज्ञान र गणितका कुशल शिक्षक हुनुहुन्थ्यो ।

२० वर्षअघि राजनीतिक आरोह-अवरोहक्रममै यादवको भेट उपेन्द्र यादवसँग भएको थियो । त्यो भेटले उपेन्द्रकै पार्टीमा पदाधिकारीका अलावा रामसहायप्रसादलाई दोहोऱ्याएर सांसद, मन्त्री, संसदीय दलका नेता हुँदै उपराष्ट्रपति पदमा पुऱ्याउन काम गऱ्यो । उसो त २०४७ सालबाटै तराई मधेशका मुद्दामा राजनीति गरिरहेको नेपाल सद्भावना पार्टीबाट यादवको राजनीति शुरु भएको हो । विभाजन र फुटको शिकार भइरहने राजनीतिक दलहरुको रोग मधेशवादी दलहरुमा पनि सरेपछि फुटविरुद्ध आमरण अनशन बसेको इतिहास बन्नु भएका यादव देशको उपराष्ट्रपति बनिरहँदा मधेश प्रदेशका ६१ लाख जनताको मात्रै होइन, सिंगो देशभरका आदिवासी, जनजाति, सीमान्तकृत, पछाडि पारिएका, अल्पसंख्य समुदायको गौरवको विषय बन्नु भएको छ । सादगी राजनीति गरेर पनि सत्तामा पुग्न सकिन्छ भन्ने सन्देश प्रवाह भएको छ । राष्ट्रपति नै कार्यकारी भूमिकामा नभएकाले उपराष्ट्रपतिको भूमिका गौणजस्तै देखिए पनि तराई मधेश, भूमिहीन र आमजनताको सुखदुःखमा उपराष्ट्रपति उस्तै समवेदित हुनसक्ने भूमिकाहरु उपराष्ट्रपतिले विकास गर्दै जानु पर्छ ।

राजनीतिक हिसाबले जे जस्तो भूमिका भए पनि जनता, नेता पदमा पुगेपछि बाटो माग्छन्, बिजुली माग्छन्, बजेट माग्छन् । उपराष्ट्रपतिले यी सबै कामहरुमा अप्रत्यक्षरुपमा जनताका माग सम्बोधनका लागि संयोजनकारी भूमिका खेल्न सक्नुहुन्छ । उसो त राष्ट्रपति चुरे संरक्षण कार्यक्रम नै भएकाले र मधेश प्रदेश तथा चुरेसंकटबारे जानकार उपराष्ट्रपति बाराकै भएकाले पनि यो कार्यक्रमको प्रभावकारितामा जोडिन सक्नुहुन्छ । तीन कार्यकालका राष्ट्रपतिका नाममा सञ्चालित कार्यक्रमले साँच्चै तराई मधेशमा उल्लेख्य सुधारको पहल भयो या कार्यक्रममा सीमित भए, यो विषयमा मात्रै समीक्षा गर्न सकियो भने आगामी दिनमा कार्यक्रम अरु प्रभावकारी ढंगले प्रस्तुत गर्न उपराष्ट्रपतिको भूमिका 'कोसेढुंगा' बन्न सक्छ । र, मधेशले अनुभूत गर्न नपाएको राष्ट्रपति चुरे संरक्षण कार्यक्रमबारे समीक्षा गर्ने बेला पनि भएको छ ।

उसो त रामसहायप्रसाद यादवको उपराष्ट्रपति यात्रासँगै बाराको राजनीतिमा नयाँ पात्रको उदय पनि संकेत गरेको छ । मंसिर ४ को संघीय निर्वाचनमा पराजित जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव बाराको निर्वाचन क्षेत्र नम्बर २ बाट सम्भावित उम्मेदवारका रुपमा चर्चा भइरहेको छ । संसदयात्रामा रोकिनु भएका उपेन्द्रका लागि यो यात्रा अर्को गन्तव्य बन्ने देखिएको छ । २०७४ को निर्वाचनमा पराजय भोगेका 'हेभिवेट' नेताद्वय नारायणकाजी श्रेष्ठ र वामदेव गौतमले लगत्तै राष्ट्रिय सभाको उम्मेदवार हुन चाहेको विषय जति आलेचित बन्यो, यसपटक यस्तै आलोचना अर्का 'हेभिवेट नेता' उपेन्द्र यादवका भागमा पनि पर्नेछ । यद्यपि राजनीति हो, आलोचनासँग डराउने भन्दा सम्भावना खोज्ने काममा नेतृत्व लाग्नु पर्छ । उपेन्द्रका लागि बाराको राजनीतिक यात्रामा १० दलीय गठबन्धन नै जुट्ने विषय जनतालाई बुझाउनु पनि पर्छ ।

उपराष्ट्रपतिपत्नी चम्पाले एकलाखको भैंसी ६० हजारमा बेचेर काठमाडौं आउनु परेको खबर भाइरल भइरहँदा जम्मा ३९ प्रतिशत महिला साक्षर मधेशको शैक्षिक सुधार, दीगो विकास, गौरवका आयोजना समयमा सम्पन्न गर्ने, वैदेशिक पलायन रोक्ने, दक्ष जनशक्ति उत्पादनमा केन्द्रित हुने, दशकौं पुरानो र अधुरो हुलाकी राजमार्गको काम अघि बढाउनेलगायत मधेश प्रदेशमा सम्भावना खोजीका यावत् भूमिकाहरुमा उपराष्ट्रपतिबाट जनताले अपेक्षा गरेका छन् । उपराष्ट्रपतिज्यूलाई सफल कार्यकालको शुभकामना ।

# अन्न आयातको अर्थ राजनीति



*उत्पादन घटेको होइन सधै भोकै बस्न बाध्य नेपालीहरूले खान पाउन थालेका हुन, त्यसलाई राजनीतिकरण गरेर पञ्चायत र राजाको कार्यकाल स्वर्णयुग भन्नुचाहिँ मुर्खता हो । बहुदल प्राप्तिपूर्व ५० प्रतिशत हाराहारी रहेको निरपेक्ष गरिबीको अवस्था ३० वर्षको विचमा १८ प्रतिशत भन्दा कम हुँदा कम्तिमा ३० प्रतिशत थप भोको पेटले यस अवधिमा खाना पाएको छ ।*

**– अनिरूद्र न्यौपाने**

बहुदलीय प्रजातन्त्र प्राप्ति पछि विप्रेषण आय बढाउने उद्देश्यले वैदेशिक रोजगारीमा युवा जनशक्ति निर्यात गरिएका कारण आन्तरिक उत्पादन कम भई अन्नबाली निर्यात गर्ने मुलुक खाद्यान्नमा परनिर्भर बनेको आरोप लगाउँदै सञ्चार माध्यमहरूमा अन्तर्वार्ता दिनेहरूको संख्या दिनानुदिन बढ्दै छ। साँच्चै नेपालमा बहुदलीय व्यवस्था प्राप्ति पछि कृषि उत्पादन घटेकोले नै यो अवस्था आएको हो त ? यसको जवाफ खोज्न तथ्याङ्कको उपलब्धताका आधारमा बहुदलीय व्यवस्था प्राप्ति पछिको पहिलो आर्थिक वर्ष र अघिल्लो आर्थिक वर्षको प्रमुख अन्नबालीको उत्पादन स्थिती तलको तालिकामा प्रस्तुत गरिएको छ।

माथिको तालिकामा देखाइए अनुसार आर्थिक वर्ष २०७७/७८ मा ५६ लाख २१ हजार ७ सय १० मेट्रिक टन धान उत्पादन भएको देखिन्छ। १४ लाख ५५ हजार १ सय ७० हेक्टर जमिनमा खेती हुँदा औसत पञ्चायतको अन्त्य लगत्तैको आर्थिक वर्ष धानको उत्पादन

आम्दानीको स्रोत खेती मात्र थियो। केही जमिनदार बाहेक पहाडमा अन्न बिक्री गर्नसक्ने गरी उत्पादन गर्ने कोही पनि थिएन। पहाडमा दूध उत्पादन गरेर शहर पठाउनका लागि राज्यका तर्फबाट सहजीकरण नहुँदा स्वयं उपभोगका लागि बाहेक दुग्ध उत्पादन र बिक्रीको अभ्यास नगन्य मात्र थियो। निजी र गैरसरकारी क्षेत्रमा रोजगारीका अवसर नगन्य मात्र थियो। सरकारी जागिर भएका परिवार बाहेक अन्यको हातमा नगद हुँदै हुन्नथ्यो। त्यस अवस्थामा पहाडको जनसंख्याले तराईको धान वा चामल किनेर खानसक्ने अवस्था थिएन। त्यसैले पहाडमा भातको प्रचलन कम थियो भने हिमाली भेगमा चामल चाडबाडको पाहुना मात्र हुन्थ्यो।

तराई भेगको भारतसँग यातायात सम्बन्ध भएपनि पहाडसँग यातायात सञ्जाल नहुँदा पैसा हुनेले पनि तराईको चामल किन्न सक्ने अवस्था थिएन। त्यस अवस्थामा तराईमा उत्पादित धान वा चामल केही मात्रामा भारत वा अन्य देशमा निर्यात भएको विषयलाई



हो, जसमा राजनीतिकरण गर्न खोज्नुको अर्थ छैन।

बहुदल प्राप्तिपूर्व ५० प्रतिशत हाराहारी रहेको निरपेक्ष गरिबीको अवस्था ३०

माना दुध दुने परिवारले १ पाथी दाना खुवाएर २ पाथी दुध दुहन थालेको छ। परिणामतः दोब्बर भन्दा बढि मकै उत्पादन हुँदा पनि बाहिरबाट मकै

| उत्पादन क्षेत्र र उत्पादन | धान | | मकै | | गहुँ | | कोदो | |
|---|---|---|---|---|---|---|---|---|
| | २०४७/४८ | २०७७/७८ | २०४७/४८ | २०७७/७८ | २०४७/४८ | २०७७/७८ | २०४७/४८ | २०७७/७८ |
| खेती गरिएको क्षेत्रफल (हेक्टर) | १४५५१७० | १४७३४७४ | ७५७७१० | ९७९७७६ | ५९२७४० | ७११०६७ | १९८५७० | २६५४०१ |
| उत्पादन (मेट्रिक टन) | ३५०२१६० | ५६२१७१० | १२३०९५० | २९९७७३ | ८३५९७० | २१२७२७६ | २३१६३० | ३२६४४३ |
| उत्पादकत्व | २.४१ | ३.८२ | १.६३ | ३.२७ | १.४१ | २.९९ | १.१७ | १.२३ |

स्रोतः कृषि तथ्याङ्क, कृषि विकास मन्त्रालय

करिव ३५ लाख २ हजार मेट्रिक टन थियो। यस अवधिमा धान उत्पादन ६० प्रतिशत भन्दा बढि भएको देखिन्न। उत्पादन क्षेत्र भने खासै विस्तार भएको देखिंदैन। उत्पादकत्व २.४१ मेट्रिक टन प्रति हेक्टरबाट बढेर ३.८२ मेट्रिक टन प्रति हेक्टर पुगेको छ।

मकैको उत्पादकत्व यस अवधिमा सत प्रतिशत बढेको छ। गहुँको उत्पादन १.४१ मेट्रिक टन प्रति हेक्टर बाट बढेर २.९९ मेट्रिक टन प्रति हेक्टर पुगेको छ। जस अनुसार गहुँको उत्पादकत्व ११२ प्रतिशतले बढेको छ। व्यवसायिक खेती हुन नसकेको भएपनि कोदोको उत्पादन सो अवधिमा उत्पादन ४१ प्रतिशत बढेको छ भने उत्पादकत्वमा पनि सामान्य वृद्धि भएको छ। २०४७ को जनसंख्या करिव ६० प्रतिशत वृद्धि भएको छ। बढेको जनसंख्या मध्ये करिव २५ प्रतिशत जनसंख्या बाहिर रहेको आँकडालाई आधार मान्दा तत्कालीन समयमा खाद्यान्न बचत भई निर्यात हुन्थ्यो भने अहिले आयात हुनुपर्ने कारण छदैछैन। धान, मकै, गहुँ र कोदोको उत्पादन तत्कालिन समयमा भन्दा दोब्बर हुँदा वृद्धि भई नेपाल भित्र नै बसोबास गर्ने जनसख्या ५० प्रतिशतभन्दा कम मात्र थपिएको अवस्थामा खाद्यान्न आयात गर्नु पर्नाको सोझो कारण उत्पादनमा आएको कमी नभई उपभोगमा आएको वृद्धि हो भन्ने कुराको थप प्रमाणका लागि अन्य तथ्याङ्कको सहयोग लिनुपर्ने आवश्यकता छैन ।

त्यसो भए हिजो चामल निर्यात हुन्थ्यो भने आज किन वार्षिक अर्बौं रुपैयाँको चामल र मकै आयात भइरहेको छ त ? प्रस्तुत प्रश्नको जवाफ खोज्ने क्रममा बहुदलीय व्यवस्था प्राप्ति पूर्वका केही परिदृश्य विवेचना गर्नु उपयुक्त हुन्छ। तत्कालीन समयमा जनताको

सामान्यीकरण गरी पञ्चायतको गौरव गाथा गाइनु र बहुदलीय व्यवस्थाको उछितो काट्नेहरू बौद्धिक कहलाइ रहनुले हाम्रो सामाजिक विकास र सचेतनाको निरिह अवस्था देखाउँछ।

प्रजातन्त्र स्थापना भएसँगै निजी क्षेत्रमा लाखौं संख्यामा नयाँ रोजगारीका अवसर सिर्जना हुनु, वैदेशिक रोजगारीका आवसरको पहुँच सरल र सहज हुनु, पशुपालन क्षेत्रको व्यापक विकास र यातायातको सुदृढ सञ्जालका कारण न्यून जनसत्ऱ्या भएको ग्रामिण क्षेत्रबाट बढि जनसख्या रहेको शहरी क्षेत्रमा दुग्ध, मासु र अण्डा व्यापक मात्रामा निर्यात हुनु, आलु, तरकारी आदिको व्यवसायीक उत्पादन हुनु जस्ता कारणले जनताको हातमा नगद पुगेको छ।

बैक तथा वित्तीय क्षेत्रको विकासले समेत नगद आपुर्ति र व्यवस्थापनमा पनि व्यापक सुधार भएको छ। यी लगायतका कारणले आधा पेट खाने जनसंख्या भरपेट खानसक्ने भएको छ भने भात विलासीताको बस्तुबाट आधारभूत खानामा परिणत भएको छ। बहुदल प्राप्तिपूर्व ५० प्रतिशत हाराहारी रहेको निरपेक्ष गरिबीको अवस्था ३० वर्षको विचमा १८ प्रतिशत भन्दा कम हुँदा कम्तिमा ३० प्रतिशत थप भोको पेटले यस अवधिमा खाना पाएको छ। पुस्तौंदेखि भात कुरेर बसेको जनसख्याले सहजै चामल खरिद गरेर खानसक्ने अवस्था आएका कारण स्वदेशी उत्पादनमा भएको वृद्धि अपर्याप्त हुँदा चामल आयात भएको छ। गाईलाई एक मुठी पिठो दिएर एक माना दुध दुने परिवारले १ पाथी दाना खुवाएर २ पाथी दुध दुहन थालेको छ। परिणामतः दोब्बर भन्दा बढि मकै उत्पादन हुँदा पनि बाहिरबाट मकै आयात गर्नु परेको छ। यो सामान्य र अत्यन्त सकरात्मक आर्थिक व्यवहार

वर्षको विचमा १८ प्रतिशत भन्दा कम हुँदा कम्तिमा ३० प्रतिशत थप भोको पेटले यस अवधिमा खाना पाएको छ। पुस्तौंदेखि भात कुरेर

आयात गर्नु परेको छ। यो सामान्य र अत्यन्त सकरात्मक आर्थिक व्यवहार हो, जसमा राजनीतिकरण गर्न खोज्नुको अर्थ छैन।

> "उत्पादनशील जमिनको करिब ५० प्रतिशत क्षेत्र तराई वा सहरोन्मुख भेगमा रहेको र नयाँ शहर निर्माण वा आन्तरिक बसाइँसराइका कारण वस्ती विस्तार हुने क्षेत्र पनि यही भएकोले जग्गाको संरक्षण चुनौतीपूर्ण मात्र नभई कतिपय अवस्थामा असम्भव प्रायः बन्दै गएको छ। यस पृष्ठभूमिमा अन्नबालीको उत्पादन बढाएर खाद्यान्नमा आत्मनिर्भर बन्नका लागि उत्पादकत्व वृद्धिका विकल्पको खोजी गर्ने वा अन्नबालीको आयातलाई निरन्तरता दिएर त्यसबापत बाहिर जाने वैदेशिक मुद्रा निर्यात योग्य अन्यबालीको उत्पादनबाट परिपूर्ति गर्ने उपयुक्त विकल्प छनोट गर्नुपर्छ ।

बसेको जनसत्ऱ्याले सहजै चामल खरिद गरेर खानसक्ने अवस्था आएका कारण स्वदेशी उत्पादनमा भएको वृद्धि अपर्याप्त हुँदा चामल आयात भएको छ। गाईलाई एक मुठी पिठो दिएर एक

यसो भन्दैमा बहुदलले आर्थिक क्रान्ति ल्यायो भन्न खोजिएको हैन। जनताको आर्थिक अवस्थामा सुधार ल्याउन अनेक उतारचढाव र आक्रमणबाट गुज्रेको यो व्यवस्थाले पनि केही योगदान गरेको छ भन्न चाहिँ सकिन्छ। यद्यपि धान, मकै र गहुँको उत्पादकत्व ५ मेट्रिक टन भन्दा कम रहनु, तरकारीमा वाह्य निर्भरता कायम रहनु, आयातित बस्तुको व्यापारले सेवा क्षेत्रको सबैभन्दा ठूलो हिस्सा ओगट्नु, उद्योग क्षेत्रको विकास नहुनु तथा कृषि क्षेत्रले उद्योगलाई दिनुपर्ने कच्चा पदार्थ दिन नसक्नु र कृषि योग्य क्षेत्र खुम्चिँदै जानुचाहिँ हाम्रो व्यवस्थाको कमजोरी हो ।यसमा सुधारका मार्गचित्र निर्माण र कार्यान्वयन र आम रुपमा रहेको अपारदर्शिता, भ्रष्टाचार र शासकीय समस्याको समाधान अबको प्राथमिकता हुनुपर्छ।

नेपालको कुल क्षेत्रफल मध्ये करिब २८ प्रतिशत मात्र खेतीयोग्य जमिन रहेको छ। कृषि मन्त्रालयको पछिल्लो आँकडा अनुसार हाल २१ प्रतिशत अर्थात् कुल खेती योग्य जमिनको ७५ प्रतिशत भागमा खेती हुने गरेको छ। बढ्दो सहरीकरण र गाउँबाट बेंसीतर्फको आन्तरिक बसाइँसराईको कारण उपलब्ध खेतीयोग्य जमिन पनि क्रमशः आवासीय वा व्यवसायिक क्षेत्रका रुपमा रूपान्तरण हुँदै गइरहेको अवस्था छ। यस सन्दर्भमा कृषि उत्पादन बढाउनका लागि उपलब्ध सीमित उब्जाउ भूमिको संरक्षण र मल बिउ र प्रविधिमा सुधार मार्फत उत्पादनशीलता प्रवर्द्धन गर्ने बाहेक कृषिमा उत्पादनमा आत्म निर्भरता बढाउने अर्को विकल्प हाम्रो सामु छैन । संघीय भू-उपयोग कानुन निर्माण पश्चात रोकिएको कित्ताकाट स्थानीय भू उपयोग योजना निर्माण विना वडा समितिको सिफारिसकै आधारमा खेतीयोग्य जमिनलाई आवासीय क्षेत्र अन्तर्गत समेट्दै कित्ताकाट खुलाउन थालिएको छ। महानगर र उपमहानगरपालिका तथा नगरपालिकाका बजार आसपासका क्षेत्रको खेतीयोग्य जग्गालाई पनि कृषि क्षेत्र अन्तर्गत वर्गीकरण गर्नु व्यवहारिक नहुने जनप्रतिनिधिहरूको धारणा रहँदै आएको छ। उत्पादनशील जमिनको करिब ५० प्रतिशत क्षेत्र तराई वा सहरोन्मुख भेगमा रहेको र नयाँ शहर निर्माण वा आन्तरिक बसाइँसराइका कारण वस्ती विस्तार हुने क्षेत्र पनि यही भएकोले जग्गाको संरक्षण चुनौतीपूर्ण मात्र नभई कतिपय अवस्थामा असम्भव प्रायः बन्दै गएको छ ।

यस पृष्ठभूमिमा अन्नबालीको उत्पादन बढाएर खाद्यान्नमा आत्मनिर्भर बन्नका लागि उत्पादकत्व वृद्धिका विकल्पको खोजी गर्ने वा अन्नबालीको आयातलाई निरन्तरता दिएर त्यसबापत बाहिर जाने वैदेशिक मुद्रा निर्यात योग्य अन्यबालीको उत्पादनबाट परिपूर्ति गर्ने उपयुक्त विकल्प छनोट गर्नुपर्छ ।

श्रोतः आइएनएस-स्वतन्त्र समाचार

# विश्वका तीन अर्ब मानिसलाई पानीको संकट विकल्पमा वर्षात्को पानी प्रयोग

काठमाडौँ, ५ चैत
नेपालमा उत्पन्न पानीको सङ्कट र त्यसलाई न्यूनीकरण गर्ने उपायको खोजी गरी कार्यान्वयन गर्ने उद्देश्यका साथ विश्व पानी दिवसका अवसरमा 'वर्षात्को पानी सङ्कलनःपानी सुरक्षण र जलवायु परिवर्तनको असरको सम्बोधन' विषयक दुई दिवसीय राष्ट्रिय सम्मेलन आजदेखि सुरु भएको छ।



वर्षात्को पानी सङ्कलन गरी दिगो विकासको लक्ष्यप्राप्तिमा सहयोग पुऱ्याउने, जलवायु परिवर्तनको असर न्यूनीकरण तथा जलउत्पन्न प्रकोपलाई क्रमशःकम गर्दै आमजनतामा पानीको महत्वका बारेमा चेतना जगाउने लक्ष्यका साथ सम्मेलनको आयोजना गरिएको सम्मेलन आयोजक समितिका अध्यक्ष रामदीप साहले जानकारी दिए।

खानेपानी आपूर्ति मात्रै नभई नेपालको आर्थिक विकास, दिगो विकास, जलविद्युत् उत्पादन, पर्यटन र औद्योगिक विकासका लागि पानीको व्यवस्थापन महत्वपूर्ण रहेकाले सम्मेलनमा वर्षात्को पानीको उपयुक्त व्यवस्थापन जरुरी रहेको सम्मेलनमा जोड दिइएको छ। मनसुनको पानीले पहाडी र तराई क्षेत्रमा पानीको पुनःभरण गराई मानव जीवनका अलावा वातावरणका लागि पनि आवश्यक पानी उपलब्ध हुँदै आएको छ। सम्मेलनलाई सम्बोधन गर्दै खानेपानी मन्त्रालयका सचिव मणिराम गेलालले काठमाडौँ उपत्यकाको खानेपानी समस्याको समाधानका लागि भनेर अगाडि बढाइएको मेलम्ची खानेपानी परियोजनाको दीर्घजीवनमा नै समस्या पैदा भएको बताए। उनले मेलम्ची बाढीका कारण आयोजना समस्या आएको तथा लार्के र याङ्रीको पानी थप गर्ने विषयमा दातृ निकायले पनि भौगर्भिक जोखिमका बारेमा तत्काल कुनै निर्णय लिन नसकेको उल्लेख गरे।

हरेक घरमा सौर्य प्रणाली जडान गरे जस्तै काठमाडौँ उपत्यकाभित्रका घरमा पनि वर्षात्को पानी सदुपयोग गर्ने प्रणाली राख्नुपर्ने उहाँको भनाइ छ। मेलम्चीको पानीको प्रयोगपछि त्यसको उचित व्यवस्थापन र प्रशोधनमा ध्यान दिने लक्ष्यका साथ मन्त्रालयले काम गरिरहेको भए पनि त्यसका लागि सबै निकायको सार्थक सहयोग जरुरी रहेको सचिव गेलालको भनाइ छ। वर्षात्को पानीको सदुपयोग, नदी स्थानान्तरण तथा पुनः भरणका लागि सरकार, निजी क्षेत्र, गैरसरकारी संस्थाका अलावा हरेक नागरिक उत्तिकै जिम्मेवार बन्नुपर्ने सचिव गेलालको जोड छ। जलवायु परिवर्तनका कारण पानीको स्रोतमा नै समस्या खडा भएको, ठूलो ऊर्जाको स्रोत प्रयोग गरेर माथिल्लो क्षेत्रमा पानी तान्नुपरेको उल्लेख गर्दै उनले सरकार एक्लैले अब पानीको व्यवस्थापन गर्न नसक्ने अवस्था आएको बताए।

काठमाडौँ उपत्यकामा आइपुगेको मेलम्चीको पानी चक्रपथ वरपर मात्रै वितरण गर्न र त्यसको सञ्जाल बनाउनका लागि मात्रै सरकारले रु ३० अर्ब बराबरको लगानी गर्नुपर्ने अध्ययनले देखाएको उनको भनाइ छ। चालु आवमा मन्त्रालयले रु २० अर्ब बराबरको बजेट पाएको भए पनि आगामी आवका लागि रु १३ अर्ब बराबरको मात्रै बजेट सीमा रहेकाले खानेपानीमा काम गर्न थप जटिलता पैदा हुने बताए। पूर्वमन्त्री गणेश साहले तीनै तहका सरकारले आफ्नो कार्यक्षेत्र स्पष्ट पारेर खानेपानीको क्षेत्रमा दीर्घकालीन सोंचका साथ काम गर्नुपर्ने बताए। उनले पानीका स्रोतमा देखिएको सङ्कुचनलाई कम गर्दै वर्षात्को पानी बहुउपयोग गर्नेतर्फ तत्कालै कदम चाल्न सुझाव दिए।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानका पूर्वउपकूलपति सुनिलबाबु श्रेष्ठले पानीको महत्व दर्शाउने र यस क्षेत्रमा कार्य र सङ्घसंस्थाका अलावा सरकारकोसमेत साझा मत बनाउने लक्ष्यका साथ सम्मेलन आयोजना गरिएको जानकारी दिए। पानीको प्रयोग, पुनःप्रयोग तथा वर्षात्को पानीको सदुपयोग कसरी गर्न सकिन्छ भन्नेबारेमा यस्ता सम्मेलनले महत्वपूर्ण सन्देश दिने उनको भनाइ छ। विकासका नाममा वातावरणीय क्षेत्रको ख्याल नै नगरी डोजरमार्फत बाटो र अन्य पूर्वाधार निर्माणलाई तीव्र पारिँदा पहाडी तथा हिमाली क्षेत्रमा पानीका मुहान सुकेका छन् भने पानी सङ्कटको आमन्त्रण गरिरहेको छ।

विश्वमा तीन अर्ब बढी मानिसले पानीको अभाव बेहोरिरहेका छन्। हरेक वर्ष बाढीले प्रभावित हुनेको सङ्ख्या पाँच लाखले बढ्ने गरेको छ। खानेपानीको अभाव र कम भरपर्दो वर्षाका कारण द्वन्द्व चर्कने र बसाइँसराइ हुने र विश्वका धेरै स्थानमा भोकमरी हुने अवस्था सिर्जना भएको छ। पानी व्यवस्थापनका नवीनतम ज्ञान र प्रविधिको खोजी जरुरी रहेको सम्मेलनका आयोजकले जोड दिएका छन्। सम्मेलनमा विभिन्न चार प्राविधिक सत्र हुनेछन्। सम्मेलनको अन्त्यमा काठमाडौँ घोषणापत्र जारी हुनेछ।

संयुक्त राष्ट्रसङ्घको महासभाले सन् १९९२ मा हरेक वर्षको मार्च २२ लाई विश्व पानी दिवसका रुपमा मनाउने प्रस्ताव २२ डिसेम्बरमा पारित गरेको थियो। सन् १९९३ देखि हरेक वर्ष विश्व पानी दिवस मनाइँदै आएको छ। यस वर्षको पानी दिवसको नारा 'परिवर्तनलाई गति दिँदै' भन्ने रहेको छ।

संयुक्त राष्ट्रसङ्घले दिगो विकासका लागि पानी सङ्कटका कारणको खोजी, पुनःभरण र वर्षात्को पानी सङ्कलन, पुनः उपयोगलगायतका विषयमा नीति निर्माण र विश्वव्यापीरुपमा छलफल गराउँदै आएको छ। पानीको सङ्कटका कारणको खोजी गरी समाधानका उपाय पहिल्याउने, असमान पहुँचको अन्त्य गर्ने तथा त्यससँग जोडिएको मानव अधिकारको सुनिश्चितता गराउनेतर्फ ध्यान दिन सम्मेलनले महत्वपूर्ण आधार तयार पार्ने विश्वास लिइएको छ। यस्तै वर्षात्को पानी सङ्कलनमा नगर तहको नेतृत्व विकास, अनुदान कोषको व्यवस्था, पानी सङ्कलनका प्रविधि र उपयोग, नीति र मार्गनिर्देशन, त्यसको सामाजिक र आर्थिक लाभलगायत दुई दर्जन बढी विषयमा छलफल हुने आयोजक स्मार्ट वास सोलुसनका अध्यक्ष रामदीप साहले जानकारी दिए।रासस

# नेप्से परिसूचकमा ६.९० अंकको ओरालो

काठमाडौँ, ५ चैत
नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक छ दशमलव ९० अङ्कले घटेर एक हजार नौ सय २६ दशमलव ४० को बिन्दुमा कायम भएको हो। विभिन्न दुई सय ५९ वटा कम्पनीका ३१ लाख ६३ हजार तीन सय ८९ कित्ता शेयर रू एक अर्ब छ करोड ९८ लाख चार हजारमा खरिदबिक्री भएका छन्।



आइतवार कारोबारमा होटल तथा पर्यटन, जलविद्युत्, लगानी, निर्जीवन बीमा र व्यापार समूहको उपसूचक बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ। होटल तथा पर्यटन समूहको उपसूचक सबैभन्दा धेरै २६ दशमलव ६३ अङ्कले बढेको छ। त्यस्तै, जलविद्युत् समूह छ दशमलव ८१, लगानी समूह शून्य दशमलव १६, निर्जीवन बीमा समूह दुई दशमलव ७२ र व्यापार समूह दुई दशमलव ६१ अङ्कले बढेको छ।

आइतवार सबैभन्दा धेरै जीवन बीमा समूहको उपसूचक ६१ दशमलव ०९ र उत्पादन समूहको उपसूचक ४९ दशमलव ११ अङ्कले घटेको छ। त्यस्तै, बैंकिङ समूह छ दशमलव ७२, विकास बैंक समूह १५ दशमलव ८२, वित्त समूह शून्य दशमलव ०८, लघुवित्त समूह ३७ दशमलव ६८, म्युचुअल फन्ड समूह शून्य दशमलव १६ र अन्य समूह पाँच दशमलव २४ अङ्कले घटेको छ। तीनवटा कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड, युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र शुभम् पावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको हो। आजको कारोबारमा सानिमा ग्रोथ फन्डको आठ दशमलव ५६ र सिर्जनशील लघुवित्त वित्तीय संस्था लिमिटेडको सात दशमलव ३३ प्रतिशतले घटेको छ।रासस

# म्याद थपिँदा पनि काम नगर्नेलाई स्पष्टिकरण



दमौली, ५ चैत
पटक-पटक म्याद थप भएर पनि सडक कालोपत्रको काममा ढिलासुस्ती गर्ने निर्माण व्यवसायीलाई पूर्वाधार कार्यालय तनहुँले स्पष्टीकरणको प्रक्रिया अगाडि बढाएको छ। तनहुँको भानु नगरपालिकास्थित भानुमार्ग र शुक्लागण्डकी नगरपालिकास्थित दुलेगौडा हर्कपुर सडकखण्डमा कालोपत्रको काममा ढिलासुस्ती गर्ने निर्माण कम्पनीलाई कार्यालयले कारबाहीस्वरुप स्पष्टीकरणको प्रक्रिया अगाडि बढाएको हो।

दुवै सडक कालोपत्रको ठेक्का शङ्करमाली निर्माण सेवा काठमाडौँले पाएको थियो। विभिन्न मितिमा म्याद थप भएता पनि हालको मितिसम्म पटक-पटक पत्राचार र सरोकारवालासँग छलफल गर्दा पनि निर्माण व्यवसायीबाट कार्यप्रगति धेरै न्यून रही सन्तोषजनक नपाइएकाले उक्त कम्पनीलाई कारबाहीस्वरुप स्पष्टीकरण सोधिएको पूर्वाधार कार्यालयका प्रमुख दिनेश घिमिरेले जानकारी दिए। ठेक्का सम्झौताको शर्त र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा (७) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ र उक्त नियमावलीको नियम ११३ को उपनियम (६) मा भएको प्रावधान र बोलपत्र सम्झौताको टर्मिनेशन अफ कन्ट्र्याक्टका शर्तबमोजिम उक्त कम्पनीसँग चैत १० गतेभित्र स्पष्टीकरण माग गरिएको छ। "सोहीबमोजिम ठेक्का खारेज गरी कालोसूचीमा राख्नेसम्बन्धी कारबाही किन अगाडि नबढाउने ? सूचना प्रकाशित भएको मितिले सात दिनभित्र स्वयं कार्यालयमा उपस्थित भई स्पष्टीकरण पेस निर्माण व्यवसायीलाई पत्राचार गरिएको छ", प्रमुख घिमिरेले भन्नुभयो। उहाँका अनुसार निर्माण कम्पनीबाट चित्तबुझ्दो जवाफ नआएमा ठेक्का खारेज गरी कालोसूचीमा राख्ने कारबाही अगाडि बढाइनेछ। भानुमार्ग-चन्द्रावती-पुलिमराङ कुन्छा कालीमाटी सडकको हालसम्मको प्रगति १४ प्रतिशतमात्रै रहेको छ। विसं २०७६ कात्तिक ४ गते ठेक्का लागेको उक्त सडकको भौतिक प्रगति तीन वर्षमा अत्यन्तै न्यून रहेको हो।

निर्माण व्यवसायीको लापरवाहीका कारण दुईपटक म्याद थप हुँदासमेत काम नहुँदा सर्वसाधारणले सास्ती खेप्दै आएको स्थानीय अगुवा गलबहादुर गुरुङले बताउनुभयो। "दश किलोमिटर सडकखण्ड कालोपत्र गर्ने काममा निर्माण व्यवसायीले लापरवाही गर्दै आएका छन्, पटक-पटक सम्बन्धित निकायमा ध्यानाकर्षण गराउँदा पनि काम अगाडि बढ्न सकेन", उनले भने, "बाटोको काम नहुँदा सर्वसाधारणले वर्षामा हिलो र हिउँदमा धुलोको सास्ती व्यहोर्नुपरेको छ।"

पूर्वाधार विकास कार्यालय तनहुँले मोटरमार्गको १० किमी खण्ड कालोपत्र, नाला निर्माण तथा ग्याबिन जाली भर्नेलगायतका कामका लागि काठमाडौँस्थित शङ्करमाली कन्स्ट्रक्सनसँग सम्झौता गरेको थियो। निर्माण व्यवसायीको लापरवाहीका कारण मोटरमार्गको काम सुस्त रहेको स्थानीयवासी रहेका जिल्ला समन्वय समिति तनहुँका पूर्वसदस्य गुरुङले गुनासो गरे।

उक्त मोटरमार्ग कालोपत्रका लागि पूर्वाधार कार्यालयले रु २३ करोड दुई लाख ८० हजारमा ठेक्का सम्झौता गरेको थियो। कार्यालयले निर्माण कम्पनीलाई रु दुई करोड ६८ लाख निकासा गरिसकेको छ। समयमा काम सम्पन्न नभएपछि विसं २०८० असार १४ गतेसम्म म्याद थप भएको कार्यालयले जनाएको छ। दश किलोमिटर सडकखण्ड कालोपत्र, नाला निर्माण तथा ग्याबिङ जाली भने लगायतका काम विसं २०७८ माघ १५ गतेभित्र सम्पन्न गर्न विसं २०७६ कात्तिक ४ गते सम्झौता भएको थियो। विसं २०४९ मा चन्द्रावतीबाट पोखरीछापसम्म सडकको ट्र्याक खोली सवारीसाधन सञ्चालन हुँदै आएको छ। वर्षात्का बेला सडक हिलाम्मे हुँदा सर्वसाधारणले सास्ती खेप्दै आएका छन्।

सडक कालोपत्र गर्ने काममा ढिलासुस्ती हुँदा यस भेगका स्थानीयवासीले वर्षात्मा सास्ती खेप्दै आएका छन्। निर्माण व्यवसायीको लापरवाहीका कारण वर्षात्मा हिलो र हिउँदमा धुलोले स्थानीयवासी मर्कामा पर्दै आएको भानु नगरपालिका-१३ का वडाध्यक्ष कृष्ण अधिकारीले बताए। दुलेगौडा-हर्कपुर सडकको १०.१८ किलोमिटर सडक कालोपत्रका लागि विसं २०७६ कात्तिक ४ गते सम्झौता भएको थियो। उक्त खण्डको प्रगति हालसम्म ३१.५४ प्रतिशत छ। उक्त खण्डको म्याद अन्तिम पटकका लागि विसं २०८० जेठ १४ गतेसम्म थप भएको छ। यस अगाडि उक्त खण्डको दुईपटक म्याद थप भइसकेको छ।

उक्त खण्ड कालोपत्रका लागि रु २५ करोड १० लाख ६० हजारमा सम्झौता भएको थियो। शुक्लागण्डकी नगरपालिका, म्याग्दे गाउँपालिका हुँदै व्यास नगरपालिकासँग जोडिने उक्त खण्डको दूरी २३ किलोमिटर छ। पहिलो चरणमा १० किलोमिटर सडक कालोपत्रका लागि ठेक्का सम्झौता भएको थियो। ट्र्याक खुलेको २४ वर्षपछि कालोपत्र सुरु हुँदा स्थानीयवासी खुसी भएका थिए। तर कामको प्रगति नबढ्दा स्थानीवासी चिन्तित छन्।रासस

# कृषिमा अनुदान कटौतीको सांसदहरुद्वारा ध्यानाकर्षण



काठमाडौँ, ५ चैत
कृषि क्षेत्रमा दिइएको अनुदान कटौती गरी रासायनिक मल र दूधको मूल्यवृद्धि गरिएकामा सांसदहरुले सरकारको ध्यानाकर्षण गराएका छन्।

प्रतिनिधिसभाको आइतवारको बैठकको शून्य समयमा सांसद भानुभक्त जोशीले गत वर्षको बेमौसमी वर्षाले बझाङमा एकै परिवारका सात जनाको निधन भई प्रधानमन्त्री, गृहमन्त्रीलगायतले अवलोकन गरी बाढी प्रभावित क्षेत्र घोषणा गरे पनि अझै राहतलगायत व्यवस्था नभएकाले छिटो गर्न माग गरे। सांसद महेश बर्तौलाले मलमा दिएको अनुदान कटौती गर्दा किसानमाथि ज्यादती भएको, सुकुम्बासीले लामो समयदेखि जग्गाधनी पुर्जा पाउन नसकेकाले सरकारको ध्यान जानुपर्ने बताए।सांसद माधव सापकोटाले सिन्धुपाल्चोक जिल्लाको जुरेमा २०७१ साउनमा गएको पहिरो पीडितलाई सङ्कलन भएको रू दुई करोडभन्दा बढी राहत वितरण नगरी राखिएकाले छिटो दिन सरकारको ध्यानाकर्षण गराए।

सांसद मङ्गलप्रसाद गुप्ताले जनताको रू १६ अर्बभन्दा बढी पैसा सहकारीमा डुबेकाले व्यवस्थापन गर्न माग गरे। सांसद योगेशकुमार भट्टराईले ताप्लेजुङ जिल्लाको एकमात्र क्याम्पसमा अनेरास्ववियुका विद्यार्थीमाथि आक्रमण गरी धाँधली गरिएको बताउनुहुँदै फर्जी परिचयपत्र बनाएर गैर विद्यार्थीलाई मतदान गर्न लगाइएको कानुनी कारबाहीको माग गरे।सांसद रघुजी पन्तले चितवनमा धुर्मुस सुन्तली फाउन्डेसनले बनाएको क्रिकेट मैदानलाई पूरा गर्न ध्यानाकर्षण गराए। त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदान पनि सुधार गर्न उनको माग थियो। सांसद रणकुमारी बलम्पाखीले सिन्धुलीको कमलामाई नदीले कटान गरी सयौँ घरमा क्षति पुगेकाले क्षतिपूर्ति दिन माग गरे। सांसद रणेन्द्र बरालीले फागुनमा नेकपा (एमाले)बाट निर्वाचित स्थानीय सरकारका प्रमुख उग्रनारायण यादवले जातीय विभेद हुने गरी भोज आयोजना गरेकाले कानुनी कारबाहीको हुनुपर्नेमा जोड दिए।

सांसद रमा कोइराला पौडेलले हालसम्म न्यून संख्यामा मात्र सामाजिक सुरक्षा कोषमा सहभागिता जनाइएकाले सबै उद्योग, प्रतिष्ठानलाई सूचीकृत गर्न माग गरे। सांसद राजकिशोर यादवले नागरिकता विधेयक कहाँ अड्किएको छ र कहिले आउँछ भनी प्रश्न गरेका थिए।सांसद राजेन्द्रकुमार केसीले आर्थिक अवस्थालाई लयमा फर्काउन विशेष कार्यक्रम ल्याउन माग गरे। किसानले तरकारीको मूल्य नपाएर फालिरहेकाले राहत दिन माग गरे।

सांसद रामकुमार राईले खोटाङ जिल्लाका विभिन्न स्थानमा १५ वर्षअघि सुरु गरिएको सडक अझै सम्पन्न नभई अवरुद्ध भएकाले छिटो काम गर्न माग गरे। सांसद रामहरि खतिवडाले राम्रो क्रिकेट मैदानको व्यवस्था गर्न माग गर्दै सभामुखले पत्रकार बिक्रीमा छन् भनी दिएको अभिव्यक्तिप्रति सञ्चार क्षेत्रको आलोचना आएकामा सभामुखको ध्यान गएको छ कि छैन भनी प्रश्न राखे।सांसद रामकृष्ण यादवले मल र दूधको मूल्यवृद्धि घटाउन सरकारसँग माग गरे। सांसद रुपा जोशी चौधरीले कर्णाली नदी टीकापुर बस्तीमा छिर्नसक्ने सम्भावना भएकाले बेलैमा व्यवस्थापन हुनुपर्नेमा जोड दिए।

सांसद रोशन कार्कीले वित्तीय संस्थाको चर्को ब्याजदरका कारण लाखौँ नेपाली जनता सुकुम्बासी हुने अवस्थामा पुगेकाले सरकारको ध्यान जानुपर्ने बताए। सांसद लीलानाथ श्रेष्ठले कृषि क्षेत्रमा दिएको अनुदानमा कटौती गरी मूल्यवृद्धि गरिएकाले ठोस काम गर्न माग गरे। रासस

# कृषि उपज बिक्री केन्द्र निर्माणले किसान उत्साहित

महोत्तरी, ५ चैत
महोत्तरीको गौशालामा कृषि उपज बिक्री केन्द्र स्थापना हुने भएको छ। "न समयमा बीउ, मल पाइन्छ, न सिँचाइको भरपर्दो उपाय, तैपनि जेनतेन बाली उब्जाउँदैछौँ", गौशाला-४ का ६० वर्षीय चन्द्रमान तामाङले भन्नुभयो, "यसरी उब्जाइएको बस्तुले पनि राम्रो बजार कहिल्यै पाएका थिएनौँ, बल्ल कृषि उपज बिक्री केन्द्र बन्ने भएछ।" केन्द्र बनिसकेपछि आफ्नो उत्पादन बेच्न र भण्डारण गर्न सहज हुने जनाइएको छ।

जिल्लामै फलफूल (आँप, लिची) र तरकारी उत्पादनको 'पकेट क्षेत्र' मानिएको गौशाला नगर क्षेत्रमा उपज भण्डारण र सङ्कलन तथा बिक्री केन्द्र नहुँदा किसानलाई समस्या हुँदै रहेको थियो।

किसानले व्यहोरिरहेका समस्यालाई मध्यनजर गरेर नै गौशाला-५ बजार छेउमै मडहा नदीको किनारमा केन्द्र निर्माण गरिन लागिएको गौशालाकाका नगरप्रमुख डा दीपेन्द्र महतोले जानकारी दिए। "सरकारबाट केन्द्र निर्माणका लागि रकम प्राप्त भएको छ, हामीले ठाउँ छनोट गरिसकेका छौँ, निर्माणको ठेक्का बन्दोबस्त पनि लागिसकेको छ", उनले भने, "अबका १८ महिनाभित्र अत्याधुनिक कृषि उपज सेन्टर निर्माण सम्पन्न भइसक्नेछ।" केन्द्र निर्माणका लागि सरकारले रु सात करोड ८१ लाख ३४ हजार तीन सय ७६ को ठेक्का बन्दोबस्त गरिसकेको उनले स्पष्ट पारे। केन्द्र निर्माणका लागि काठमाडौँस्थित सान्दोर्जे निर्माण सेवाले कार्यादेश पाएको छ। कृषि उपजको व्यापार गर्नेलाई समेत केन्द्र निर्माणले सहज बनाउने नगरप्रमुख डा महतोको भनाइ छ।

नगरका विभिन्न १२ वडा क्षेत्रका करिब ५० भन्दा बढी बस्ती विभिन्न मौसमी-बेमौसमी तरकारी उत्पादनका लागि उम्दा मानिन्छन्। त्यसैगरी आँप र लिचीसहितका फलफूलको पनि गौशाला नगर क्षेत्र पकेट क्षेत्र रहँदै आएको छ। केन्द्र निर्माणले तरकारी र फलफूल किसान बढी लाभान्वित हुने कृषि ज्ञान केन्द्र महोत्तरी जलेश्वरका प्रमुख वरिष्ठ कृषि विकास अधिकृत डा रामचन्द्र यादव बताउछन्।रासस

# संसारीमाईको पूजा जेठ २६ मा

जलेश्वर, ५ चैत
अनादिकालदेखि आस्थाको केन्द्र मानिएको महोत्तरीको सदरमुकाम जलेश्वरमा अवस्थित प्रसिद्ध शक्तिपीठ संसारीमाईको पूजा आगामी जेठ २६ मा हुने भएको छ।




प्रत्येक पाँच वर्षको अन्तरालमा हुने संसारीमाईको पूजा यसपाली २०८० साल जेठ २६ गते शुक्रबारको दिन हुने भएको संसारीमाईको पूजारी (धामी) महेन्द्र मुखियाले जानकारी दिएका हुन्।

जलेश्वर नगरपालिका-१ मा अवस्थित संसारीमाईलाई विशेषरुपमा आह्वान गरी आज बिहान धामी महेन्द्र मुखियाको आँगनमा बसेको पूजासम्बन्धी विशेष बैठकमा संसारीमाईको पूजा आउँदो असार कृष्णपक्ष षष्ठी तिथि जेठ २६ गते शुक्रबारको दिन हुने भएको सूचना जारी गरिएको हो।

जलेश्वर नगरपालिकाका नगरप्रमुख सुरेश साह सोनार, वडा नं १ का वडाध्यक्ष अनिल कुमार झा, वडा नम्बर -२ का वडाध्यक्ष बरुणकुमार दाहाल, वडा नं ६ का वडाध्यक्ष रवीन्द्रप्रसाद साह, भूतपूर्व नगरप्रमुख रामशङ्करप्रसाद साह, वडा नं १ का भूतपूर्व वडाध्यक्ष अशोककुमार साहसहित नगरका प्रबुद्ध एवं अगुवासहितको उपस्थिति एवं सहभागितामा आज बसेको बैठकले उक्त निर्णय गरेको हो।

यसअघि संसारीमाईको पूजा विक्रम सम्वत् २०७५ वैशाख २१ गतेको दिन भएको थियो। जलेश्वर नगरमा हुने संसारीमाईको पूजामा लाखौँको संख्यामा नेपाल तथा भारतका श्रद्धालु एवं दर्शनार्थी सहभागी हुने गर्दछन् भने हजारौँको संख्यामा बलि प्रदान गर्ने गरिन्छ। सो क्रममा जलेश्वर नगरक्षेत्रभित्र बस्ने प्रत्येक नगरवासीले संसारीमाईलाई बलि प्रदान गर्ने परम्परा छ।

सुरुमा माता संसारीलाई पाँच जीवको पञ्चबलि चढाइन्छ भने त्यसपछि उहाँलाई आस्था र गक्ष अनुसार भक्तजनले मूसो, परेवा, हाँस, कुखुरा, बोका, सुङ्गुर, बङ्गुर र अन्त्यमा राँगा बलि गरिन्छ।संसारीमाईको पूजा कहिलेदेखि सुरु भएको हो भन्ने कसैलाई थाहा छैन।

सुरु सुरुमा संसारीमाईको प्रत्येक १२ वर्षमा पूजा हुने गरेको थियो। त्यसपछि प्रत्येक सात वर्षमा भयो भने प्रत्येक पाँच वर्षको अन्तरालमा हुँदै आएको छ।

आइतवार पूजाको तिथिमिति निर्धारण भइसकेर जनहितमा सूचना जारी गरिसकिए पनि पूजासम्बन्धी समिति निर्माण र चन्दा सङ्कलन तथा पूजा तयारी एवं व्यवस्थापनसम्बन्धी कुरापछि निर्धारण गरिने भएको वडा नं १ का वडाध्यक्ष अनिलकुमार झाले बताए।

जलेश्वरमा यस पूजाको दिन ठूलो मेलासमेत लाग्छ। मेलामा करिब रू एक करोड खर्च हुने अनुमान गरिएको छ। रासस

# गौरमा विरोध प्रदर्शन

आरके श्रीवास्तव
गरूडा,५ चैत। मौलापुरको सोनरनियामा लाठि प्रहार बाट मृत्यु भएकी सुनैना देवीको हत्यारालाई धरौटीमा रिहा गरेपछि आज स्थानीयहरूले जिल्ला प्रहरी कार्यालय अगाडि नाराबाजी गर्दै विरोध प्रदर्शन गरेका छन्। दोषीलाई कार्यवाही गर,दोषीलाइ उम्काउन पाँइदैन्,आदालत तिम्रो न्याय सच्चाउ लगायत नारा लगाउँदै विरोध गरेका हुन्। पिडितको नेतृत्वमा गएको सयौं स्थानीयहरूले जिल्ला प्रहरी कार्यालय घेराउ गर्न पुगेका थिए।



रौतहटको मौलापुर नगरपालिका वडा नम्बर ९ निवासी सुनैना कुमारी देवीको गत माघ २५ गते लाठि प्रहार बाट मृत्यु भएको थियो। स्थानीय भोला यादवले सुनैना कुमारी देवीलाई निर्घात कुटपिट गर्दा ती महिलाको मृत्यु भएको थियो। खेतमा जाने बाटोमा शौच गरेको भन्दै झगडा भएको स्थानियहरूले बताएका थिए।

खुटामा दिसा लागेपछि आक्रोशीत भोला यादवले सुनैना देवीको घरमा पुगेर बासको लाठीले कुटपिट गरेको प्रहरीले जनाएको थियो। गम्भिर घाइते भएकी महिलालाई उपचारको लागि लैजाने क्रममा बाटोमै मृत्यु भएको प्रहरीले जानकारी दिएको थियो। घटनामा संलग्न भएको आरोपमा प्रहरीले चार जनालाइ पक्राउ गरि अनुसंधान थालेको थियो।

स्थानीय पिडकहरू भोला राय यादव,उमत राय यादव ,मधानी देवी,कलावती देवी सहित चारजना विरूद्ध कर्तव्य ज्यान मुद्दा दर्ता गरि प्रक्रिया अगाडि बढाइएको थियो।

तर उनीहरूलाई प्रहरीले आदालतको आदेशमा धरौटीमा रिहाइ गरेपछि स्थानीयहरू आक्रोशित बनेका हुन्। प्रहरीले फितलो अनुसंधान गरि मुद्दा कमजोर बनाएको कारण हत्यारा उम्केको भन्दै स्थानीयहरूको आरोप छ। शनिवार इलाका प्रहरी कार्यालय मौलापुरको अगाडी उनीहरुले टायर बाली प्रर्दशन गरेका थिए।

# मेयर-उपमेयरको गाडीमा ढुंगामुढा





आरके श्रीवास्तव,
गरुडा, ४ चैत।
रौतहट जिल्लाको वृन्दावन नगरपालिकामा कार्यपालिकाको बैठकमा पुनः विवाद उत्पन्न भएको छ।

प्रतिपक्ष दलबाट निर्वाचित भएका चार जना वडा अध्यक्षहरुले वृन्दावन नगरपालिकाको कार्यपालिका बैठकलाई हुलहुज्जत गरी बिथोल्न खोजेपछि विवाद उत्पन्न भएको छ। प्रतिपक्षी वडा अध्यक्षहरुले कार्यपालिकाको बैठक चलिरहँदा जनप्रतिनिधि र कर्मचारीलाई समेत गालीगलौज गरेपछि नगर प्रमुख विनोद प्रसाद कुर्मीले प्रहरी प्रशासनले सहज तरिकाले बैठक बस्ने वातावरण मिलाइ दिएपछि मात्रै अर्को कार्यपालिकाको बैठक बस्ने भन्दै बैठक स्थगित गरेर निस्केपछि विपक्षीहरुले जोडेर ल्याएको हुलबाट प्रहरीकै अगाडि नगरप्रमुख तथा उपप्रमुखको गाडिमाथि ढुंगामुडा प्रहार हुन थालेपछि ईलाका प्रहरी कार्यालय गरुडाबाट गएका प्रहरीले सक्रिय भएर ५ राउन्ड हवाई फायर गरेर भिडलाई शान्त पार्दै हुल नियन्त्रण गरेका थिए। नगरपालिकाकामा आफुहरु नेकपा एकीकृत समाजवादीबाट नगरप्रमुख र उपप्रमुख, वडा अध्यक्ष ५ ओटा, निर्वाचित कार्यपालिका सदस्य र मनोनीत कार्यपालिका सहित बहुमतमा रहेपनी, नेकपा माओवादीबाट-३ जना र एमालेबाट १ जना सहित अल्पमतमा रहेका वडा अध्यक्षहरुलाई पनि आफुले काँखा पाँखा नगरीकन सबैलाई समेटेर हिड्न सोंचेपनि,नगरपालिकाको कार्यालय भएको ठाउँमा विपक्षीहरुकै घर र बाहुल्यता भएको कारणले गर्दा सधै हुल जोडेर विपक्षीहरुले विवाद उत्पादन गरेर नगरको बजेटलाई सदुपयोग गर्नुको साट्टा बजेटमा आफुखुशी भागबन्डा गरि दुरुपयोग गर्न खोजिरहेको नगर प्रमुख कुर्मीले बताए।

वडा नम्बर ४ का वडा अध्यक्ष श्यामनन्दन यादव,वडा नम्बर-२ का सिकिन्द्र पटेल र वडा नम्बर-३ का वडा अध्यक्ष हरिनारायण साहको नेतृत्वमा आएका व्यक्तिहरुले जनप्रतिनिधि तथा कर्मचारीहरुलाई गालीगलौज गर्दै नगरपालिकाको कार्यालय माथि समेत ढुंगामुडा प्रहार गरेको मेयर कुर्मीले बताएका छन्।

# इतिहासिक प्रजातान्त्रिक जनता पार्टीद्वारा विरोध कार्यक्रम सार्वजनिक

मधेशदृष्टि
जनकपुरधाम,५ चैत।
गुठीको सम्पत्ति व्यवस्थापनमा सुधार नगरिएको भन्दै इतिहासिक प्रजातान्त्रिक जनता पार्टी नेपालले ६ चरणका विरोध कार्यक्रम घोषणा गरेको छ।


इतिहासिक प्रजातान्त्रिक जनता पार्टी नेपाल
Historical Democratic Peoples Party Nepal

पार्टीका अध्यक्ष बद्रि नारायण ठाकुरले जिल्ला प्रशासन कार्यालय धनुषा मार्फत प्रधानन्त्रीलाई ज्ञापनपत्र वुझाउदै विरोधका कार्यक्रम घोषणा गरेको हो। ज्ञापनपत्रमा उल्लेख अनुसार गुठी संस्थाको अन्योल अवस्थाको कारण गुठी संस्थानको सम्पतीको संरक्षणमा कमी कमजोरी देखिएका कारण इतिहासीक प्रजातान्त्रिक पार्टीले भदौ १२ गते सात बुंदे माग राखी गुठी संस्थानको केन्द्रीय कार्यालय काठमाण्डौमा ज्ञापनपत्र वुझाउदा पनि कुनै सुनवाई नगरिएकोले विभिन्न ६ चरणमा विरोधका कार्यक्रम घोषणा गरिएको उल्लेख छ।

घोषीत विरोधका कार्यक्रम अनुसार पहिलो चरणमा जनकपुरधाम स्थित गुठी संस्थान शाखा कार्यालयमा ज्ञापनपत्रको पुनःताजगी गराउने,दोस्रो चरणमा माग पुरा गरको नारा जुलुस तथा घेराउ कार्यक्रम गर्ने ,तेस्रो चरणमा रिले धर्ना कार्यक्रमको घोषणा गरिएको छ। त्यसैगरि चौथो चरण अन्तरगत रिले अनसन कार्यक्रम,पांचौ चरण अन्तरगत पुर्णकालिन अनशन कार्यक्रम र तालाबन्दीको कार्यक्रम गर्ने भएको छ भने सातौ चरणमा गुठी संस्थानसंग आवद्ध रहेका सम्पुर्ण जग्गाको किताहरु स्थान र सम्वन्धित पक्षको नाम सहित सार्वजनिक गर्ने भएको छ। त्यस्तै गुठीको जग्गा व्यक्तिहरुले अतिक्रमण गरेकोलाई अविलम्व हटाउने प्रक्रिया सुरु गर्ने र गुठी संस्था आफनो स्वामित्वमा लिई उपयोग गर्ने रहेको छ भने गुठी संस्थानको जग्गा बाझो ,पर्तिलाई भुमिहिन व्यक्ति,परिवार,दलित वर्ग,पिछडा वर्गलाई आवासको व्यवस्था गर्नका लागि पांच धुर देखि एक कठठा सम्म वितरणको व्यवस्था मिलाउने लगायतको कार्यक्रम घोषणा गरिएको छ।

ज्ञापनपत्रमा इतिहासीक प्रजातान्त्रिक जनता पार्टी नेपाल समन्वय,सहकार्य,सम्वाद छलफल गर्नको लागि सधै तत्पर रहने समेत उल्लेख गरिएको छ।

## रारब क्याम्पसमा ............

सभापतिका उम्मेदवार मनिषकुमार यादवले पनि राजनीतिप्रति विद्यार्थीहरुको खासै चासो नरहेको कारण मतदान संख्या कम हुन गएको बताए। स्ववियु निर्वाचन नहुँदा विद्यार्थीको राजनीतिप्रति खासै चासो देखिएको उनको भनाई छ।

यसैबीच जनकपुरधामस्थित हजारी जनक विद्यापीठ क्याम्पको स्ववियू सभापतिमा अनेरास्ववियूका सुभाष झा विजयी भएका छन्।

विश्वविद्यालयमा अध्ययरत विद्यार्थी र तिनले आन्दोलनमार्फत गरेका सहमति कार्यान्वयन गर्न, क्याम्पस तथा विश्वविद्यालयको नीति निर्माण र कार्यान्वयनमा विद्यार्थी प्रतिनिधित्व सुनिश्चित गर्न, क्याम्पसमा शैक्षिक वातावरण कायम गर्न र विद्यार्थीको चौतर्फी विकासका लागि स्ववियु निर्वाचन हुँदै आएको छ।

स्ववियु निर्वाचन २०६५ सालदेखि यता नियमित हुन सकेको छैन। वि.सं २०५४ मा भएको स्थानीय तहको निर्वाचन एकैपटक गणतन्त्र आइसकेपछि २०७४ सालमा भएको थियो। पटकपटक घोषणा भए पनि यसअघि स्ववियु निर्वाचन हुन सकेको थिएन।

करिब १४ वर्षपछि आइतबार त्रिभुवन विश्वविद्यालय अन्तर्गतका देशभरका क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन सम्पन्न भएको छ। आइतबार बिहान ८ बजेदेखि सुरु भएको निर्वाचन दिउँसो ४ बजे सम्पन्न भएको थियो। स्ववियु निर्वाचनमा उम्मेदवारका लागि उमेर हदबन्दी तोकिएको थियो। वि.सं २०५१ चैत २८ गतेपछि जन्मिएका विद्यार्थी मात्र उम्मेदवार हुन पाउने व्यवस्था गरिएको थियो।

### यी क्याम्पसमा निर्वाचन भएन

विद्यार्थी संगठनको आपसी विवादका कारण त्रिभुवन विश्वविद्यालय त्रिविअन्तर्गतका १० वटा आङ्गिक क्याम्पसमा निर्धारित मितिमा निर्वाचन हुन सकेको छैन। विद्यार्थी संगठनले त्रिविले तोकेको समयभन्दा पछाडि विद्यार्थी भर्ना गरेको भन्दै एकअर्कालाई दोष लगाएर तालाबन्दीमा उत्रेपछि ती क्याम्पसमा तत्कालका लागि निर्वाचन सरेको छ।

मधेशका वीरगंज स्थित ठाकुरराम क्याम्पस र महोत्तरीको जलेश्वर स्थित रा. वि. म. क्याम्पसमा चुनाव हुन सकेको छैन। ठाकुरराम क्याम्पसमा विद्यार्थी संख्या बढाइएको भनेर विवाद उत्पन्न भएको थियो। राविममा निर्वाचन नभएको विरोधमा जनमत विद्यार्थी संघका विद्यार्थीहरुले विरोध प्रदर्शन गरेका छन्।

निर्वाचनमा मतदानका लागि चार आङ्गिक क्याम्पसले विद्युतीय मेसिन प्रयोग गरेका छन्। त्रिवि केन्द्रीय क्याम्पस, पुल्चोक इञ्जिनीयरिङ क्याम्पस, थापाथली इञ्जिनीयरिङ क्याम्पस र पूर्वाञ्चल इञ्जिनीयरिङ क्याम्पस धरानले मतदानमा विद्युतीय मेसिन प्रयोग गरेको स्ववियु निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय समितिका सदस्य सचिव प्रा. पशुपति अधिकारीले जानकारी दिए। ती सबै क्याम्पसमा रामलक्ष्मण इनोभेसन प्रालिका विद्युतीय मतदान मेसिन प्रयोग गरिएको छ।

# दुर्गाभगवतीमा अल्ट्रासाउन्ड सेवा प्रारम्भ



मधेशदृष्टि
गरुडा,५ चैत। रौतहट जिल्लाको दुर्गाभगवती गाउँपालिकामामा अल्ट्रासाउन्ड सेवा प्रारम्भ भएको छ। लामो प्रतिक्षा पछि जिल्लाका ग्रामिण भेगमा भिडियो एक्स-रे (अल्ट्रासाउन्ड ) सेवा शुरु भएको हो।

प्राथमिक स्वास्थ्य केन्द्र गंगा पिपरामा आज देखिसुरु भएको हो। दुर्गाभगवती गाउँपलिकाका अध्यक्ष शम्भु सिंहले एक कार्यक्रमका बिच प्राथमिक स्वास्थ्य केन्द्र गंगा पीपरामा भीडियो एक्सरे (अल्ट्रासाउन्ड) को उदघाटन गरेका हुन।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्भवती महिलालाई घरदैलोमै भिडियो एक्स-रे (अल्ट्रासाउन्ड )सेवा कार्यक्रम मार्फत उपलब्ध गराएको उपकरबाट सेवा आरम्भ गरिएको प्रमुख प्रशासकीय अधिकृत ओम प्रकाश यादवले जानकारी गराउनु भयो।

सो उदघाटन कार्यक्रमा उपाअध्यक्ष शिला देवी, वडा नम्बर ३ का अध्यक्ष डिके झाले वार्ड अध्यक्ष प्रधुमन चौधरी, सुरेश चौधरी, रामानन्द यादव,धर्म नाथ चौधरी,स्वास्थ संयोजक दिनेश महतो,सेवाग्राही तथा स्वास्थ्यकर्मीको उपस्थिती रहेको थियो।

## राष्ट्रिय क्रिकेट खेलाडी ..........

निर्वाह गरेका बीरगंजका गहनाको रुपमा रहेका क्रिकेटका राष्ट्रिय खेलाडी शेख दाजुभाईलाई आगामी चैत १७ गते वीरगन्जमा नागरिक अभिनन्दन सहित भव्य समारोहका विच सम्मान गर्ने घोषणा समेत गरे।

नागरिक अभिनन्दन कार्यक्रममै वीरगन्ज महानगरले घोषणा गरेअनुसार दुवै खेलाडीलाई एक एक थान यमहा एफ जेड एफ आइ मोटरसाइकल पनि प्रदान गर्ने नगर प्रमुख सिंहले बताए। महानगरले गरेको सम्मान प्रति आभार व्यक्त गर्दै खेलाडीद्वय आसिफ र आरिफले महानगरको यो सम्मानले आफुहरुलाई अझ हौंसला थपिदिएको बताएका थिए।

खेलाडी आसिफ शेखले आफ्नो गृहनगरमा महानगरपालिकाबाट स्वागत सहित भव्य सम्मान पाउदा आफूहरुको अब वीरगंज प्रतिको जिम्मेवार अझ बढेको भन्दै खुशी व्यक्त गरे। खेलाडी शेखद्वयका बुबा शेख सलामले आफना दुई छोरा अब आफ्ना मात्रै नभई देशकै छोरा भएको बताउदै दुवै छोराले अझै देशको नाम यो भन्दा राम्रो खेलेर थप उचाईमा पुरयाउने अपेक्षा आफूले लिएको बताए।

नगर प्रमुखको सचिवालय परिसरमा आयोजित सम्मान कार्यक्रममा वीरगंज महानगरपालिकाका निमित्त प्रमुख प्रशासकिय अधिकृत अरविन्दलाल कर्ण , वडाध्यक्ष बैजुलाल स्वर्णकार, प्रदीप चौरसिया , सुरेश गुप्ता , जगत साह कानु लगायत नगरपालिकाका कर्मचारी, वीरगंजका युवा, समाजसेवी, संचारकर्मीहरुको उपस्थिति रहेको थियो। कार्यक्रमको सहजिकरण नगर प्रमुखका स्वकिय सचिव सत्यराज घिमिरेले गरेका थिए।

## उपेन्द्र उपनिर्वाचनको ..........

जनताले आफूलाई चुनाव लड्न आग्रह गरेको भन्दै आएका छन्। 'म चुनाव लड्छु, जसरी पनि जित्छु,' माओवादी नेता कुशवाहले भने। उपेन्द्रको विगत र अहिलेको अवस्थालाई हेर्दा तीन दलले सिधै उनको पार्टीविरुद्ध मोर्चा बनाइसकेका छन्। लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा),जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टी उपेन्द्रलाई सकेसम्म यो गठबन्धनमै नराख्ने पक्षमा छन्। गत मंसिरको निर्वाचनमा पनि उपेन्द्र एमालेसँग तालमेलमा थिए। १० दलमध्येका पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टी (नेसपा) र प्रभु साह नेतृत्वको आम जनता पार्टी (आजपा) पनि उपेन्द्रसँग मिल्न चाहँदैनन्। भट्टराईले उपेन्द्रकै कारण जसपाबाट बाहिरिएर नेसपा गठन गरेका हुन्। प्रभु र उपेन्द्रको पनि कहिल्यै समधुर सम्बन्ध छैन। बारा २ मा उपेन्द्रलाई कांग्रेस, माओवादी केन्द्र र एकीकृत समाजवादीको समर्थन रहने देखिन्छ। तर, यो समर्थनले मात्रै पुग्दैन। तीन गठबन्धनका जनमत पार्टीका उम्मेदवार राजेश साहले दुई हजार ७२५, नागरिक उन्मुक्ति पार्टीका तेजबहादुर भगतले एक हजार १११ मत सो क्षेत्रबाट ल्याएका थिए। यी बाहेक उपेन्द्रलाई सप्तरी २ मा चुनाव हराउनमा भूमिका खेलेको भन्दै ३८ जनाविरुद्ध केन्द्रमा उजुरी छ। ती व्यक्तिले बारामा के गर्छन् ? भन्ने अर्को प्रश्न छ। पार्टी अध्यक्ष उपेन्द्रलाई सप्तरी २ बाट हराउनेमा नाम चलेका नेता बढी छन्। ३८ जनामध्ये मृगेन्द्रकुमार सिंह यादव, शैलेन्द्र साह, शम्भु झा, निरज झा, भीमराज यादव, सत्यनारायण यादव, महेश यादव, बबीसिंह यादवलगायतसँग पार्टीले बयानसमेत लिइसकेको छ।उपेन्द्र गत मंसिर ४ मा भएको प्रतिनिधि सभा निर्वाचनमा सप्तरी २ मा पराजित भएका थिए। यादवलाई जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त राउतले दोब्बर मतान्तरले पराजित गरेका थिए। राउतले ३५ हजार ४२ मत ल्याएर विजयी हुँदा उपेन्द्र १६ हजार ९७९ मतमा सीमित हुनुपरेको थियो।

# चन्द्रपुर मेयर गोल्डकपको उपाधि वीरगंज युनाइटेडको पोल्टामा



मुकेश कुमार साह

रौतहट ५ चैत । रौतहटको चन्द्रनिगाहपुरमा सम्पन्न चन्द्रपुर मेयर गोल्डकप-२०७९ को उपाधि बिरगंज युनाइटेड क्लबले हातपारेको छ।

शनिबार भएको फाइनल खेलमा बेतडी युवा क्लबमहोत्तरीलाइ ० को बिरुद्ध ३ गोल गरेर बिरगंज युनाइटेडले उपाधि जितेको हो।

बिरगंज युनाइटेटका टिम क्याप्टेल जर्सी नं. ११ का कृपा चौधरीले २ गोल गरेर आफनो टिमलाइ जीतको सुरक्षित बनाएका थिए। खेलको ३० औ मिनेटमा टिम क्याप्टेन जर्सी नं. ११ का कृपा चौधरीले पहिलो गोल गरेका थिएभने दोश्रो गोल खेलको दोश्रो हाफमा टिमका जर्सी नं. १० का बिबेक चौधरीले ६० औ मिनेटमा गोल गरेका थिए। त्यस्तै तेश्रो गोल पनि टिम क्याप्टेन कृपा चौधरीले नै गरेका थिए।

बिजेता बिरगंज युनाइटेड टिमलाइ चन्द्रपुर नगरपालिकाका नगर प्रमुख संजय काफलेले नगद २ लाख सहित ट्रफि र उपबिजेता बेत्त डी युवा क्लबलाइनगद १ लाख सहित ट्रफि प्रदान गरेका थिए। चन्द्रनिगाहपुरस्थित तुलसीलाल अमात्य स्मृति खेल मैदानमा सम्पन्न पहिलो सेमिफाइनलमा विरगञ्जले वाग्मती युवा क्लबलाई १-० ले पराजित गरी फाइनलमा प्रवेश गरेको थियो। यस्तै बेत्त डी युवा क्लबले नव जन जागृति युवा क्लब सिमारालाइ पराजित गरी फाइनलमा गएको थियो।

रौतहट जिल्ला फुटबल संघको आयोजनामा भएको चन्द्रपुर मेयर कप प्रतियोगितामा मधेश प्रदेशका आठ टिमको सहभागिता रहेको रौतहट फुटबल संघका अध्यक्ष भगवान दर्लामीले जानकारी दिएका छन्। खेल फागुण २७ गते देखी संचालनमा भएको थियो।

पुरस्कार बितरण कार्यक्रममा बोल्दै नगर प्रमुख संजय काफलेले खेल जगतको बिकाशको लागी चन्द्रपुर नगरपालिकाले सक्रिय भएर काम गर्ने बताएका छन्।

कार्यक्रममा उपप्रमुख जयमाला चौधरी,प्रमुख प्रशासकिय अधिकृत किरण निधि तिवारी,इलाकाप्रहरी कार्यालय चन्द्रनिगाहपुरका डिएसपी एक नारायण कोइराला, चन्द्रपुर नपाको शिक्षा तथा खेलकुद शाखा का उप सचिब कृष्ण प्रसाद सिग्देल,वाड नं. ४ का वाड अध्यक्ष रबि राना,वाड नं. ५ का अध्यक्ष निलहरी कोइराला,वाड नं. ६ का वाड अध्यक्ष सहदेब केसी, अखिल नेपाल फुटबल संघ मधेश प्रदेशका अध्यक्ष नेपालकार्की लगायतको उपस्थीती रहेको थियो।

रौतहट फुटबल संघका अध्यक्ष भगवान दर्लामीको सभापतित्वमा भएको उक्त समापन कार्यक्रमको संचालन संघका महासचिब मधुसुदन धितालले गरेका थिए।

# भरतपुरद्वारा अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको काम अघि बढाइँदै



चितवन, ५ चैत

भरतपुर महानगरपालिका-१५ मा निर्माण रोकिएको गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालाको काम अघि बढाउन लागिएको छ। भरतपुर महानगरपालिकाले सङ्घीय सरकारसँग पहल गरेर तिर्नुपर्ने रकम मन्त्रिपरिषद्बाट निर्णय गरी भुक्तान गराएर कामलाई अघि बढाउन लागिएको हो। भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले छिट्टै मन्त्रिपरिषद्बाट निर्णय हुने बताए। धुर्मुस सुन्तली फाउन्डेसनले रङ्शाला निर्माणका क्रममा रकम अभाव भएको भन्दै काम छोडेपछि झन्डै दुई वर्षदेखि रङ्गशाला अलपत्र अवस्थामा रहेको छ। फाउन्डेसनले विभिन्न व्यक्ति र संस्थालाई रु १८ करोड ४१ लाख भुक्तान गर्न बाँकी रहेको जनाएको छ।

भुक्तानी रकम तिर्ने विषयमा समस्या भएकाले काम रोकिएको हो। दाहालका अनुसार भुक्तान दिनुपर्नेलाई सरकारी तवरबाट रकम निकासा गरी भुक्तानी गरेर नयाँ प्रक्रियाबाट रङ्गशालाको काम गर्न लागिएको हो। उनले भने , "रकम तिर्नुपर्ने नभएको भए पहिले नै काम हुन्थ्यो। तिर्नुपर्ने बाँकी रहेकै कारण काम अघि वढाउन ढिलाइ भएको हो।" खेलकुद मन्त्रालयले तत्कालीन सहरी विकास मन्त्रालयका सहसचिव प्रकीर्ण तुलाधरको संयोजकत्वमा खेलकुद मन्त्रालय र भरतपुर महानगरपालिकाको प्रतिनिधि रहेको समिति गठन गरी अध्ययनसमेत गराएको छ।

सो समितिले प्राविधिक र आर्थिक प्रतिवेदन बुझाइसकेको छ। दाहालका अनुसार तिर्नुपर्ने भुक्तानी तिरेर सङ्घीय सरकारले बोलपत्र आह्वान गरी काम अघि बढाउँदैछ। यो रङ्गशाला यहाँ निर्माणका लागि पहल कदमी गर्नुहुने तत्कालीन चितवन क्षेत्र नं ३ का सांसदसमेत रहनुभएका पुष्पकमल दाहाल 'प्रचण्ड' अहिले प्रधानमन्त्री छन्। जिल्लामा रङ्गशाला स्थापनाकालदेखि नै उहाँको पहलकदमी रहेकाले यसलाई टुङ्गोमा पुऱ्याउन प्रधानमन्त्री दाहालकोसमेत चाहना रहेको छ। तिर्नुपर्ने भुक्तानीको टुङ्गो लागेसँगै सकेसम्म यसै आर्थिक वर्षबाट बहुवर्षीय आयोजनाभित्र पारेर काम सुरु हुने प्रमुख दाहालको भनाइ छ।

भरतपुर महानगरपालिकाले रङ्गशाला निर्माणका लागि त्रिभूवन विश्वविद्यालयका नाममा लालपुर्जा रहेर कृषि तथा वन विज्ञान विश्वविद्यालयले भोगचलन गरेको २० बिघा छ कट्ठा जग्गा उपलब्ध गराएको थियो। निर्माणको समयमा फाउण्डेसनले भुक्तान गर्नुपर्ने बाँकी रकम कहाँबाट तिर्ने भन्ने स्पष्ट कानुनी व्यवस्था नभएका कारण समस्या आएको हो। विसं २०७५ माघ १६ गते महानगरपालिका र फाउण्डेसनबीच भएको सहमतिअनुसार निर्माण सम्पन्न गरेर वा स्रोत जुट्न नसके तत्काल हस्तान्तरण गर्ने उल्लेख भएको छ। फाउण्डेसनले निर्माणको ३५ प्रतिशत काम सम्पन्न भएको महानगरपालिकालाई हस्तान्तरण गर्दा जनाएको थियो। फाउण्डेसनका अध्यक्ष सीताराम कट्टेलका अनुसार निर्माणका क्रममा रु ५७ करोड ९२ लाख खर्च भएको छ। सोमध्ये नगद र जिन्सी गरी रु ३९ करोड ८० लाख उठेको कट्टेल बताउनुहुन्छ। रकम तिर्न नसके पछि विसं २०७७ साउनदेखि रङ्गशाला निर्माणको काम रोकिएको हो। निर्माणका क्रममा सार्वजनिक खरिद ऐनअनुसार काम नभएका कारण सरकारी निकायले भुक्तानी गर्नुपर्ने रकमको जिम्मा लिन कठिन भएकै कारण धेरै समय लागेको हो। महानगरपालिकाले सहमतिविपरीत फाउण्डेसनले भुक्तानी तिर्नुपर्ने अवस्थामा हस्तान्तरण गरेको भन्दै विमती जनाउँदै आएको छ।रासस



उत्तरपश्चिम चीनको सिन्जियाङ उइगुर स्वायत्त क्षेत्र, तुर्पनको टोक्सुन काउन्टीमा एक बालकले खुबानी फूल महोत्सवमा पोनी राइडिङ्को आनन्द लिइरहेको छा यहाँ शनिबार टुर्पान खुबानी फूल महोत्सव सुरु भयो। *(सिन्हुआ/हाओ झाओ)*

# उत्तर कोरियाद्वारा पुनः क्षेप्यास्त्र परीक्षण,आठ लाख उत्तर कोरियाली सेनामा भर्ती हुँदै



सोल, ५ चैत

उत्तर कोरियाले आइतवार पनि छोटो दूरीको क्षेप्यास्त्र प्रक्षेपण गरेको छ। एक साताको अवधिमा प्योङ्याङले गरेको यो चौथो क्षेप्यास्त्र प्रक्षेपण हो।

दक्षिण कोरिया र संयुक्त राज्य अमेरिकाले पाँच वर्षयता गरेका सबैभन्दा ठूलो संयुक्त सैन्य अभ्यासको विरोधमा प्योङ्याङले शक्तिशाली क्षेप्यास्त्र प्रक्षेपण गरिएको ठानिएको छ। अमेरिका र दक्षिण कोरियाले गरेको संयुक्त सैन्य अभ्यासलार्य उत्तरले आफूमाथि हुने आक्रमणको पूर्वाभ्यासका रूपमा लिएको छ। पछिल्लो समयमा वासिङ्टन र सोलले उत्तरबाट बढ्दो सैन्य र आणविक जोखिमलाई दृष्टिगत गरी पारस्परिक सहयोगलाई घनीभूत बनाउँदै आएका छन्। उत्तर कोरियाले पनि नियमित रूपमा प्रतिबन्धित हतियार परीक्षणको शृंखलालाई जारी राखेको छ। दक्षिण कोरियाको सेनाले उत्तरी प्योन्गान प्रान्तको टोङचाङरी क्षेत्रबाट पूर्वी सागरतर्फ प्योङ्याङले आज बिहान छोटो दूरीको मिसाइल प्रक्षेपण गरेको बताएको छ। दक्षिण कोरियाली सेनाका अनुसार उक्त क्षेप्यास्त्र आठ सय किलोमिटर परसम्म उडेको थियो। सोलले आजको प्रक्षेपणलाई गम्भीर उत्तेजना तथा राष्ट्रसङ्घीय प्रतिबन्धहरूको उल्लङ्घन भनेको छ। अमेरिकी सेनाको इन्डो प्यासिफिक कमाण्डले पनि प्रक्षेपणको निन्दा गरेको छ। जापानले पनि उक्त परीक्षणको निन्दा गरेको छ। टोकियोले बेइजिङस्थि आफ्नो दूतावासमार्फत उत्तर कोरियाको विरोध गरेको जापानका उपरक्षामन्त्री ताशिरो इनोले पत्रकारहरूलाई बताएका छन्। उत्तर कोरियाको सरकारी सञ्चार माध्यमले अमेरिकी साम्राज्यवादविरुद्ध राष्ट्रिय सेनामा स्वेच्छाले भर्ती हुन आठ लाखभन्दा बढी युवाले इच्छा व्यक्त गरेको भोलिपल्ट क्षेप्यास्त्र परीक्षण भएको जनाएको छ। देशको रक्षाका खातिर आफूहरू सेनामा सेवा गर्न तयार रहेको उनीहरूले बताएका छन्। बारम्बार छोटो तथा लमो दूरीका क्षेप्यास्त्र परीक्षण गरेर उत्तर कोरियाले हिन्द-प्रशान्त क्षेत्रका अमेरिकी सैन्य अखडा र दक्षिण कोरियाली कमाण्ड सेन्टरलाई निशाना बनाएको सुरक्षा विश्लेषकहरूले बताएका छन्। उत्तर कोरियाले आज गरेको प्रक्षेपणबाट टोकियो, सोल र वासिङ्टनबीचको सहकार्यलाई अझ सुदृढ बनाउने उनीहरूको तर्क छ। उत्तर कोरियाली नेता किम जोङ उनले यो महिनाको प्रारम्भमा वास्तविक युद्धका लागि तयारी गर्न तथा सैन्य अभ्यास तीव्र तुल्याउन सम्बद्ध निकायलाई निर्देशन दिनुभएको थियो। प्योङ्याङले अमेरिका र दक्षिण कोरियाबीचको संयुक्त सैन्य अभ्यासलाई आफूमाथिको आक्रमाण्को पूर्वाभ्यासका रूपमा लिएको छ भने त्यसको प्रतिकार गर्ने चेतावनी बारम्बार दिँदै आएको छ। साथै उसले बढ्दो सैन्य तनावको दुष्चक्रलाई रोक्न अमेरिका-दक्षिण कोरिया संयुक्त अभ्यासलाई रोकिनुपर्ने माग गरेको छ। अमेरिका र दक्षिण कोरियाको संयुक्त सैन्य अभ्यासको विरोधमा केही दिन अघि पनि उत्तर कोरियाले पनडुब्बीबाट दुई वटा रणनीतिक क्रुज मिसाइल प्रक्षेपण गरेको थियो।दक्षिण कोरियाका राष्ट्रपति युन सुक येओलको कार्यालयले उत्तर कोरियाले क्षेत्रीय तनाव बढाएको आरोप लगाएको छ। साथै उसले उत्तरको निन्दा गरेको छ। आर्थिक समस्या र खाद्यान्न समस्याबाट गुज्रिएको प्योङ्याङले आणविक हतियार विकासलाई तीव्र गतिमा अघि बढाएर अन्तरराष्ट्रिय प्रतिबन्ध निम्त्याएको टिप्पणी दक्षिण कोरियाली राष्ट्रपतिको कार्यालयले गरेको छ। कोरिया वर्कर्स पार्टीका महासचिव किम जोङ उनले हालै प्योङ्याङमा भएको पार्टीको विस्तारित केन्द्रीय समितिको पूर्ण बैठकमा राष्ट्रिय आर्थिक विकासको लागि अन्न उत्पादनलाई प्राथमिकतामा राख्दै आधुनिक कृषिकर्ममा जोड दिएका थिए। उनले खाद्य सङ्कट सम्बोधनका निम्ति सिँचाइमा सुधार, कृषि उत्पादनको आधुनिकीकरण र विज्ञान तथा प्रविधिको विकास गरी कृषि विकासको दीर्घकालीन उद्देश्यमा पुग्न थप प्रयास गर्न आह्वान गरेका थिए। उत्तर कोरियाले आफ्नो शक्तिशाली क्षेप्यास्त्र भने आजसम्म प्रक्षेपण गरेको छैन। आफूलाई अपरिवर्तनीय आणविक शक्ति घोषणा गरेको उसले क्षेप्यास्त्र परीक्षणलाई आफ्नो अधिकार एवम् प्राथमिकता भन्दै आएको छ। उत्तर कोरियाको बढ्दो चुनौती सामान गर्न हालै सोल र टोकियोले विगतका विवाद बिर्सने सहमति गर्दै प्योङ्याङका गतिविधिसम्बन्धी सूचना एकअर्काले आदान प्रदान गर्ने सम्झौता गरेका छन्। प्योङ्याङको आणविक र क्षेप्यास्त्र कार्यक्रमसम्बन्धी गोप्य सूचना आदान प्रदान गर्नेबारेमा गत बिहीबार जापान र दक्षिण कोरियाबीच सहमति भएको हो। प्रतिरक्षा विश्लेषकहरूका अनुसार उत्तर कोरियाले निरन्तर गरेको क्षेप्यास्त्र परीक्षणले लामो समयदेखिका प्रतिद्वन्द्वी जापान र दक्षिण कोरियालाई नजिक्याएको छ। बाह्रवर्षपछि दक्षिण कोरियाली राष्ट्रपतिले जापान भ्रमण गरेर उच्च नेतृत्वसँगको शिखर वार्तापछि सुरक्षा सहयोग बढाउने पारस्परिक सहमति गर्नु प्योङ्याङकै देन भएको उनीहरूको टिप्पणी छ। राष्ट्रपति युनसँगको वार्तामा जापानका प्रधानमन्त्री फुमियो किशिदाले उत्तरको सामना गर्न सोल र टोकियो एकजुट हुनुनपर्नेमा जोड दिनुभएको थियो। सोलसँगको सम्बन्ध बिग्रदा रोकिएको सुरक्षा सूचना आदानप्रदान अब पुनः शुरु हुनेछभने निलम्बित सुरक्षासम्बन्धी द्विदेशीय वार्ता पनि हुनेछ। (रासस /एएफपी)

# मलावीमा चक्रवात फ्रेडीबाट ४४७ जनाको मृत्यु



मलावी, ५ चैत

दक्षिण मलावीमा भीषण चक्रवात फ्रेडीबाट चार सय ४७ जनाको मृत्यु भएको छभने तीन लाख ६२ हजार नौ सय २८ जना विस्थापित भएका छन्। आँधीबाट देशको राजधानी ब्लान्टायरमा व्यापक क्षति भएको छ। राजधानीका धेरै घर पहिरामा पुरिएका छन्। आँधी प्रभावित क्षेत्रका पुल र सडक भत्किएका छन्।

मालवीको विपद् व्यवस्थापन विभागका अनुसार चक्रवातमा परी नौ सय १८ जना घाइते भएका छन्भने दुई सय ८२ जना हराइरहेका छन्। देशको सुरक्षा बल, प्रहरी र उद्धारकर्मीको टोलीले खोज तथा उद्धारलाई जारी राखेका छन्। सडक सम्पर्कबाट विच्छेद भएका स्थानमा हवाई सेवामार्फत राहत सामग्री, औषधिका साथै उद्धारकर्मी पुऱ्याइएको छ।

चक्रवातबाट अधिक प्रभावित जोम्बा र माचिन्गाको भ्रमणपछि शनिबार साँझ टेलिभिजनबाट देशवासीलाई सम्बोधन गर्दै मलावीका राष्ट्रपति लाजरस चकवेराले पीडितहरूलाई सघाउन आफूले आग्रह गरेपछि केही विदेशी नियोग, सरकार, स्थानीय एवम् अन्तरराष्ट्रिय संस्था, कम्पनी र व्यक्तिले सक्दो सहयोग गरेका बताउनुभयो।

साथै उनले सबै दाताप्रति आभार पनि व्यक्त गरे। चक्रवात प्रभावित क्षेत्रको अवस्था भयावह रहेको उल्लेख गर्दै उहाँले थप सहायताका निम्ति अपिल पनि गरे।

चक्रवात क्रमशः कमजोर हुँदै गएको जनाए पनि देशको दक्षिणी भागमा भारी वर्षा हुने चेतावनी दिएको छ। बाढीपहिरोको जोखिम बढेको जनाउँदै रक्षा मन्त्रालयले सतर्कता अपनाउन देशवासीलाई आग्रह गरेको छ।

यसैबीच, मलावीको शिक्षा मन्त्रालयले यो महिनाको अन्त्यसम्म विद्यालय बन्द गर्ने घोषणा गरेको छ। विस्थापित परिवारलाई विद्यालयमा व्यवस्थापन गरिएकाले पठनपाठन स्थगन गरिएको उक्त मन्त्रालयले जनाएको छ। (रासस/सिन्ह्वा)

# नेपालमै सबैभन्दा ठूलो भाटभटेनीको २४ औँ सुपरस्टोर वीरगंजमा

मधेशदृष्टि
वीरगंज,५ चैत ।
नेपालकै ठूलो सुपर मार्केटको शाखा रहेको भाटभटेनी सुपरमार्केट अब मधेश प्रदेशको वीरगंजमा पनि सञ्चालनमा आउने भएको छ ।

भाटभटेनीको २४ औं सुपरस्टोरको रुपमा मधेश प्रदेशको वीरगंजमा आगामी चैत्र ९ गते औपचारिक समुद्घाटन हुने भाटभटेनीका अध्यक्ष तथा प्रबन्ध निर्देशक मिन बहादुर गुरुङले जानकारी दिएका छन् ।

देशभर सुपरमार्केट विस्तार अभियानमा रहेको भाटभटेनीले यस अगाडि २३ वटा सुपरमार्केट सञ्चालनमा ल्याइसकेको छ । यो सुपर मार्केट सहितको सुपरस्टोर मधेश प्रदेशकै पहिलो सुपरमार्के तथा स्टोर हो । नेपालमै अन्तराष्ट्रिय स्तरको सपिङ सेवा र अनुभव प्रदान गर्ने उद्देश्यले देशभरका ठूला शहरहरुमा भाटभटेनीको सेवा विस्तार गर्ने क्रममा वीरगंजमा पनि सेवा विस्तार गरिएको भाटभटेनी सुपर मार्केटका अध्यक्ष तथा प्रबन्ध निर्देशक गुरुङले बताऐ ।



झण्डै २ अर्ब ५० करोड लागतमा वीरगंजमा संचालन गर्न लागिएको अन्तर्राष्ट्रिय स्तरको मार्केट सहितका सुपरस्टोरमा करिब २५० जना स्थानियले रोजगार प्राप्त गर्ने गुरुङले बताए । भाटभटेनी सुपर मार्केटले स्वदेशी उत्पादन र स्वरोजगारलाई विशेष प्राथमिकता दिएको दावी गर्दै गुरुङ्गले स्टोरमा दैनिक उपभोग्य समान, लत्ताकपडा, सहित मानिसलाई आवश्यक पर्ने अन्य इलेक्ट्रिक , श्रृंगार सहित सम्पूर्ण समानहरु एकैठाउँमा सुपथ मुल्यमा उपलब्ध हुने व्यवस्थापक विनोद भट्टराईले दावी गरे ।

फुडकोर्ट सहितको पूर्ण वातानुकुलीत एवम् आकर्षक सजावट सहित एकै स्थानमा अन्तराष्ट्रिय स्तरको सपिङ्गर्दा यस क्षेत्रका आम उपभोक्ताको समयको समेत बचत हुने भट्टराईले बताए । बीरगंजमा खुलेको भाटभटेनीको सुपरस्टोरबाट वारा, पर्सा, रौतहट सहित छिमेकी मुलुक भारतका सिमावर्ति शहरका आम सर्वसाधारण समेत लाभान्वित हुने भट्टराईले विश्वास व्यक्त गरे । यस सुपरस्टोरमा अन्तराष्ट्रिय स्तरको रेष्टुरेन्ट, क्याफे, पेपे पिज्जा, मल्टिप्लेक्स सिनेमा हल, वर्ल्ड क्लास ब्राण्डेड लत्ताकपडा लगायतको सुविधाहरु पनि राखिएको व्यवस्थापक भट्टराईले बताए ।

व्यवस्थापक भट्टराइले स्टोरको शुभारम्भको अवसरमा ग्रोसरीमा १० प्रतिशत र इलेक्ट्रिक सामानमा २० प्रतिशत छुटसँगै फ्रि होमडेलिभरी सुविधा रहेको जानकारी दिए ।

वीरगंज महानगरपालिका वडा नम्बर १४ गण्डक, बहुअरिमा २ बिगाहा १० कठ्ठा क्षेत्रफलमा स्टोर निर्माण गरिएको र ७ तलाको वीरगंजमा निर्मित भवन भाटभटेनीको अहिले सम्मका सबै स्टोरहरु मध्ये सबै भन्दा ठूलो रहेको सुपर स्टोरका व्यवस्थापक विनोद भट्टराईले दावी गरे ।

# पुरातात्विक बस्तुको संरक्षण गरौं: नगरप्रमुख सिंह



मधेशदृष्टि
वीरगंज ५ चैत ।
वीरगंजस्थित ज्ञान्दा एकेडमी अन्तरगत सहयोग कमिटीले सहयोग फेट उत्सवको आयोजना गरेको छ । ज्ञान्दा एकेडमीले आफ्नै बिद्यालयमा आयोजना गरेको उत्सवको बीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले दिप प्रजवलीत गर्दै उत्सवको उदघाट्न गरेका हुन् ।

उदघाट्न गर्दै नगर प्रमुख सिंहले वीरगंजमा रहेका पुरातात्विक वस्तुहरुको संरक्षण गर्नु पर्ने बताउँदै यसको लागि अहिलेको युवा पुस्ता नै लागि पर्नु पर्ने कुरामा जोड दिएका छन् । उनले वीरगंजमा ज्ञान्दाले शिक्षा क्षेत्रमा नयाँ आयाम थपेको बताउँदै स्थानिय स्तर मै ज्ञान्दा बाटै उच्चस्तरीय शिक्षाप्राप्त गर्न सकिने भएकोले बाहिर गएर पढ्नु पर्ने बाध्यता अहिले अन्त्य भएको बताए । बीरगंज उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्ष अनिल अग्रवालले वीरगंज शहर अब ब्यवस्थित हुँदै बिकास तर्फ लम्केको हुँदा अब स्तरीय शिक्षाको लागि वीरगंज गन्तब्य बन्न सक्ने कुरा ब्यक्त गरे । उनले यस स्कुलले आफ्नो घाटा नाफा नहेरि आज बिद्यालयलाई उचचाई सम्म पुऱ्याएको प्रति खुशी रहेको बताउँदै यस एकेडमीले आयोजना गरेको सहयोग फेट उत्सव एकदमै सरहनिय कार्य रहेको बताए । अध्यक्ष अग्रवालले विद्यार्थीहरू जसले कडा परिश्रम र मिहिनेतका माध्यमबाट राम्रो शिक्षा आर्जन गर्छन, तिनीहरू जीवनमा खुसी हुन्छन् र पछी उ राम्रो व्यक्तित्वको उदाहरण बन्ने कुरामा जोड दिए। उत्सवमा खानेकुरा, हस्तकला, कपडा, कुर्ता सुरुवाल, चित्रण हस्तनिर्मित सामाग्रीहरु लगायत बालबालिकाहरुलाई लोभ्याउने विभिन्न किसिमको खेलौना तथा बजारमा पाउने सम्पुर्ण सामाग्रीका स्टलहरु गरि ४५ वटा स्टलहरु राखिएको थियो ।

ज्ञान्दा एकेडमी संग आवद्ध महिलाहरुले समाजिक सोचमा अगाडी बढ्ने उद्धेश्यका साथ सहयोग फेट उत्सवको आयोजना गरिएको र उक्त एकेडमीको उत्सवबाट संकलित रकमहरु आर्थिक रुपमा कमजोर रहेका बालबालिका तथा असहायहरुलाई सहयोग प्रदान गर्ने एकेडमीका मुख्य प्रबन्ध निर्देशक राजेन्द्र कोईरालाले बताए। ज्ञान्दा एकेडमी संचालक समितिका अध्यक्ष सन्दिप तुल्सियान्को अध्यक्षतामा भएको कार्यक्रममा पुर्व वीरगंज नगर प्रमुख बिजय कुमार सरावगी, बिद्यालयका बिद्यार्थी, शिक्षक, शिक्षिका, अभिभावक तथा बिद्यार्थीहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा मुख्य प्रबन्ध निर्देशक राजेन्द्र कोईरालाले स्वागत मन्तव्य दिएका थिए ।

# निर्माणको दुई महिनामै भत्कियो नाला मौखिक सम्झौतामा काम दिइएको खुलासा

मुकेश कुमार यादव
सिरहा, ५ चैत । सिरहामा जनप्रतिनिधि र कर्मचारीहरु कै मिलोमतोमा विकास निमार्णको काममा अनियमितत्तता गरिएको पाइएको छ । जिल्लाको लहान नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको मिलोमतोमा नगरपालिका ६ श्रीराम कोलोनी क्षेत्रमा गरिएको पक्कि नाला निमार्ण कार्यमा कमशल निर्माण सामाग्री प्रयोग गरी व्यापक अनियमितत्ता गरिएको हो ।



नगरपालिकाका कर्मचारी र ठेक्केदारको मिलमत्तोमा कमसल सामाग्री प्रयोग गरी गरीएको पक्कि नाला निर्माण सम्पन्न भएको दुई महिना नपुग्दै भत्किएको स्थानियहरुले आरोप लगाएका छन् । निमार्ण सम्पन्न भएको दुई महिना नवित्दै समान्य वर्षा मै नाला भासिनु सम्बन्धित निकायको मिलोमत्तो रहेको पुष्टि गर्छ, जनप्रतिनिधि र कर्मचारीहरुले स-साना वजेटीङ गरी विकास निमार्णको नाममा रकम पचाउने योजना बनाएको स्थानियहरुको भनाई छ।

दशवर्ष पूर्व नगरपालिकाले निर्माण गरेको नालाको पुरानो ईटा र बालु सिमेन्टको मात्रापनि नमिलेकोले नाला भत्किएको स्थानीयको आरोप छ । जनप्रतिनिधी र ठेकेदारको लापर्वाहीले काम गुणस्तरीय नभएको स्थानीयको आरोप छा निर्माणका क्रममा नगरपालिका र वडाबाट अनुगमन नहुनुले पनि कर्मचारी, जनप्रतिनिधी र ठेकेदारको मिलेमत्तो रहेको गन्ध दिन्छ । लहान ६ का वडा अध्यक्ष रमेश गौतमले नगरको काम भएकोले सवै आफूलाई जानकारी नभएको बताए । उनले भने, 'भत्केको खवर पाएपछि म पनि हेर्न गएँ, भत्केकै रहेछ । मैले नगरपालिकामा खवर गराईसकेको छु ।'नगरपालिकाका साईड इन्जिनियर कामेश्वर यादवले सतहको माटो गिलो भएकोले र वर्षाका कारण माटो धस्केकाले नालाको वाल भत्केको बताए। उनले भने, 'सतहको माटो गिलो हुँनु, माथिको माटो वर्षाका कारण धस्कीनु र पाँच इञ्चको मात्र वाल भएकाले नाला भत्केको हो ।'नाला भत्केपनि ठेकेदारले पुनः निर्माण गर्ने बताए। उनले सम्झौता मै एक वर्ष भित्र काम विगिए पुनः निर्माण गर्ने सहमति भएको हुन्छ, सोही सर्त अनुसार काम गर्नु पर्छ । नाला निर्माण गरेका ठेकेदार अवुल अन्सारिले पाँच इन्चको बालको 'दम' नै कति हुन्छ र ? भन्दै माटोको धक्का सहन गर्न नसकेका कारण वाल भत्केको बताए। उनले भने, 'बाल पातलो भएकोले भत्केको हो, अव हामीले घाटालागेपनि बनाउनै पर्ने हुन्छ।' नगरपालिकाले योजना शाखाले अनिक यादवले ठेक्का लागेको भनेपनि मोती निमार्ण सेवाका प्रो. अवुल अन्सारीले अहिले उक्त कार्यको सम्झौता नभएको र व्यक्तिगत रुपमा काम गरिरहेको बताए । कर्मचारीले नाला निर्माणको काम ठेकेदारसंगको केहि निश्चित प्रतिशत कमिशनको वार्गेनिङमा कामको सम्झौता नै नगरी निमार्ण कार्य सुरु गरिएको स्रोतले बताए । श्री राम कोलोनिका स-साना गल्लिाका पेटीको नाला निर्माण कार्यको लागि पाँच लाखमा मौखिक सम्झौता गरी निमार्ण कार्य सम्पन्न गरिएको स्रोतले दावी गरेका छन् ।

# कोशी खारेजी आन्दोलनमा चारजना पक्राउ

## *निषेधाज्ञा तोडेर मुख्यमन्त्रीविरुद्ध नाराबाजी*

मधेशदृष्टि
विराटनगर, ५ चैत । प्रदेशको नाम पहिचानका आधारमा राख्नुपर्ने माग गर्दै विराटनगरमा मुख्यमन्त्री कार्यालय नजिकै निषेधित क्षेत्र तोडेर प्रदर्शन गर्ने चार जनालाई प्रहरीले पक्राउ गरेको छ ।

कोशी प्रदेशको नाम पुनः नामकरण गर्नुपर्ने माग गर्दै संयुक्त संघर्ष समितिले निषेधित क्षेत्र तोडेर प्रदर्शन गरेपछि उनीहरुलाई पक्राउ गरेको प्रहरीले जनाएको छ । भिड नियन्त्रण गर्न प्रहरीले एक दर्जन अश्रुग्यास र तीन राउन्ड हवाई फायर समेत प्रहरीको दाबी छ। त्यसको विरुद्धमा आक्रोशित भएका प्रदर्शनकारीले मुख्यमन्त्री कार्यालय अगाडि मुख्यमन्त्री हिक्मतकुमार कार्कीको पुत्ला दहन गर्दै चर्को नाराबाजी समेत गरेका छन् । उनीहरुले एमालेको विरुद्धमा पनि नाराबाजी गरेका छन् । प्रदेश नं.१ पुनः नामकरण संयुक्त सङ्घर्ष समितिको आयोजनामा महेन्द्र चोकबाट मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय छेउ रोड शेषमा प्रदर्शनकारी पुगेका थिए। जिल्ला प्रशासन कार्यालयले मुख्यमन्त्री कार्यालय आसपासको क्षेत्रलाई निषेधित क्षेत्र तोकेको थियो । उक्त क्षेत्रमा प्रदर्शनकारी जान खोजेपछि अश्रुग्याँस प्रहार गरिएको प्रहरीको दाबी छ । जिल्ला प्रशासन कार्यालय मोरङले भने विराटनगरका केही स्थानलाई निषेधित क्षेत्र घोषणा गरेको थियो । प्रदेशसभा पूर्वमा देवकोटा चोकदेखि पश्चिम कोशी अस्पतालसम्म, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रोड शेष चोकदेखि दक्षिण जतुवा चोकसम्म, मुख्यमन्त्री निवास वरिपरि ३०० मिटरसम्म र जिल्ला प्रशासन कार्यालय मोरङको डाँफे चोकदेखि पूर्वको क्षेत्रसम्म प्रशासनले निषेधित क्षेत्र तोकेको छ । सुरक्षा स्थितिलाई सहज एवम् सामान्य तुल्याई राख्न जिल्ला सुरक्षा समितिको



मोरङको निर्णयअनुसार चैत ५ गते बिहान ६ बजेदेखि अर्को आदेश नभएसम्म निषेधित स्थानमा सर्वसाधारण तथा सवारी साधन आवतजावत बाहेक कुनै पनि किसिमको सभा, जुलुस, भेला, र्याली, धर्नाजस्ता कार्य गर्न रोक लगाइएको प्रशासनले जनाएको छ । प्रदेशसभाले गत फागुन १७ गते प्रदेशको नामा कोशी राखेको छ। त्यसयता पहिचानको आधारमा पुनः नामकरण हुनुपर्ने भन्दै विभिन्न समूहले निरन्तर प्रदर्शन गर्दै आएका छन् । प्रदेशको नामांकनको विरोधमा असन्तुष्ट पक्षले आन्दोलन घोषणा गरेपछि जिल्ला प्रशासन कार्यालय मोरङले विराटनगरको पाँच ठाउँमा निषेधाज्ञा जारी गरेको थियो। प्रदर्शनमा माओवादी नेता गोपाल किराँती, लिम्बुवानका नेता तथा पहिचान पक्षधरहरू कुमार लिङ्देन, सञ्जुहाङ पालुङ्वा, प्रेम एक्तेन, ज्ञानबहादुर राई, डकेन्द्रसिंह थेगिम, गेल्जे लामा शेर्पा, आङ्दावा शेर्पा, दिलराम राई, मिशेकहाङ्ग थाम्सुहाङ लगायतले सम्बोधन गर्ने बताइएको छ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल